पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

राष्ट्रिय दैनिक

newsofnepal.com

सोमबार, भदौ ३ २०८१ | Monday, August 19, 2024 | नेसं ११४४, गुलाथ्व १५ | वर्ष २९, अंक १८८ | पृष्ठ ८ | मूल्य रू १०/–




## आज जनैपूर्णिमा

**काठमाडौं, (नेस)**

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) पर्व आज सोमबार देशभर नवयज्ञोपवित जनै एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ।

बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षा सूत्र (डोरो) बाँध्छन्। गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै र रक्षासूत्र धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ। सोमबार दिउँसो १ बजेर ३१ मिनेटपछि रक्षाबन्धनको कर्म गर्नु मुनासिव रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ।

यसैबीच जनैपूर्णिमाका दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ। यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ।

# राजस्व छल्नेहरुविरुद्ध ३३ अर्ब कर निर्धारण

## नयाँ महानिर्देशक आचार्यलाई चुनौतीको चाङ

■ छलिएको राजस्व उठाउन सक्ला नयाँ नेतृत्वले ?

**सागर पण्डित, काठमाडौं**

आन्तरिक राजस्व विभागले गत आर्थिक वर्षसम्म कर छली गर्ने सयौं व्यापारिक फर्म तथा व्यापारीहरुको पहिचान गरी ३३ अर्ब कर निर्धारण गरेको अवस्थामा विभागको नेतृत्व फेरिएको छ। अर्थ मन्त्रालयले आइतबार मात्रै मन्त्रालयकै प्रशासन महाशाखा प्रमुख सहसचिव रामप्रसाद आचार्यलाई विभागको महानिर्देशकका रुपमा पठाएसँगै उहाँमाथि यसअघिको नेतृत्वले विभिन्न व्यापारिक फर्मसँग असुल्ने गरी निर्धारण गरेको ३३ अर्ब रुपियाँ असुलउपर गराउने चुनौती थपिएको छ।

सरकारले विभागका हालका महानिर्देशक शिवलाल तिवारीलाई यसअघि नै महानिर्देशकको जिम्मेवारीबाट हटाउँदै अन्यत्र सरुवा गरेको थियो। त्यसपछि रिक्त रहेको महानिर्देशकमा अर्थ मन्त्रालयले आचार्यलाई पठाएको हो। आचार्य अनुभवी सहसचिवका रुपमा चिनिनुहुन्छ। उहाँले यसअघि राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको महानिर्देशक भएर काम गरिसक्नुभएको छ। आचार्यसँग गृह मन्त्रालयकै विभिन्न महत्वपूर्ण निकायमा रहेर काम गरिसकेको अनुभव पनि छ।

(क्रमशः पृष्ठ ५ मा)



### यस्ता छन् महानिर्देशक आचार्यका प्रमुख चुनौती

- कर निर्धारण भएको ३३ अर्ब असुल गर्नुपर्ने
- पुनरावलोकनबाट टुंगिनुपर्ने साढे २ खर्बको मुद्दा टुंग्याउन पहल गर्नुपर्ने
- २ खर्ब बराबरको बक्यौता असुलउपर गर्नुपर्ने
- विभाग र मातहतका १ खर्ब बेरुजु फस्यौंट गर्नुपर्ने
- राजस्वमा हुने अत्यधिक चुहावट रोक्नुपर्ने
- राजस्व संकलन वृद्धि गर्नुपर्ने

## भन्सार र करमा आएको नयाँ नेतृत्वले राजस्व छली रोक्न सक्ला ?

**काठमाडौं, (नेस)**

अर्थ मन्त्रालयले आन्तरिक राजस्व विभागका साथसाथै अन्य महत्वपूर्ण मानिएका भन्सार विभाग तथा मातहका विभिन्न कर कार्यालय र भन्सार कार्यालयका प्रमुखहरुसमेत हेरफेर गरेको छ। हेरफेरसँगै विशेष गरी भन्सारबाट अत्यधिक राजस्व छली भइरहेको अवस्थामा त्यसलाई रोक्न नयाँ नेतृत्वले सक्ला भन्ने प्रश्न सिर्जना भएको छ। राजस्व छली रोक्न नसके उनीहरु त्यहाँ गएको कुनै अर्थ नहुने सरोकारवालाको भनाइ छ।

मन्त्रालयले भन्सार विभागको महानिर्देशकमा हरिशरण पुडासैनीलाई पठाएको छ। भन्सारअन्तर्गत रहेका कार्यालयबाट हुने अर्बौंका भन्सार छली रोक्नुपर्ने प्रमुख दायित्व पुडासैनीमाथि छ। यसै गरी कर उठाउने महत्वपूर्ण कार्यालयको रुपमा रहेको ठूला करदाता कार्यालयको प्रमुख कर प्रशासकमा रमेश अर्याललाई जिम्मेवारी दिइएको छ।

(क्रमशः पृष्ठ ५ मा)

# माधव–विप्लवप्रति प्रचण्डको एकपक्षीय प्रेम !



**जीवन शर्मा, काठमाडौं**

अस्थिर राजनीतिक खेलमा बढी रमाउने प्रवृत्तिलाई मलजल गरेकै कारण सत्ताच्युत भएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' विभिन्न साना राजनीतिक दलहरुसँग सहकार्यदेखि पार्टी एकतासम्मको योजना बाँड्दै हिँड्नुभएको छ। एक महिनाअघि सत्ता बहिर्गमनमा पर्नुभएका दाहालले केही समययता नेकपा एकीकृत समाजवादी र विप्लव नेतृत्वको नेकपा (सी) सँग एकता गर्ने रणनीतिमा लाग्नुभएको हो।

तर, उहाँलाई अहिले नै ती साना दलहरुले समेत पत्याइहाल्ने अवस्था रहेको छैन। दाहालको विगतलाई हेरेर नेकपा एकीकृत समाजवादीले अहिले नै पार्टी एकताको हतार नगर्ने बताइसकेको छ। पूर्वप्रधानमन्त्रीसमेत रहेका 'प्रचण्ड' भने जति सक्दो चाँडो माधव नेपाल नेतृत्वको नेकपा एस र विप्लवसँग सहकार्य हुँदै पार्टी एकतासम्म जाने गरी दौडधुपमा लाग्नुभएको नेताहरुले बताएका छन्। अध्यक्ष 'प्रचण्ड'ले नेकपा एससँगको पार्टी एकतामा हतार गरे पनि आफूहरु त्यसलाई अहिले नै टुंगोमा पुग्न नसक्ने एकीकृत समाजवादीका नेता जगन्नाथ खतिवडाले बताउनुभयो। 'अहिले 'प्रचण्ड' कमरेड हामीसँग पार्टी एकताका लागि हतारिनुभएको छ। सो विषयमा अध्यक्ष माधव नेपालसँग पटकपटक संवाद पनि गरिसक्नुभयो रे। तर, हामी अहिले पार्टी एकतामा पुगिहाल्ने अवस्थामा छैनौं। भर्खरै पार्टीको महाधिवेशन भएर साथीहरुले पूर्ण जिम्मेवारीसमेत पाइनसकेको यो अवस्थामा माओवादीसँग एकता गरिहाल्नेमा हामी छैनौं। तर कतिपय एजेन्डामा सहकार्य गर्ने विषयमा नेकपा एस सधैं खुला छ' -उहाँले भन्नुभयो।

आफ्नै पार्टीभित्रको आन्तरिक विवाद मिलाउन निकै दबाब खेप्नुभएका दाहालले विवादलाई विधिसंगत ढंगले भन्दा पनि नेताहरुलाई आफ्नो पक्षमा पारेर फरक मत राख्नेलाई पेलेरै ठेगान लगाउने नीति अवलम्बन गर्नुभएको छ।

(क्रमशः पृष्ठ ५ मा)

# राजमार्ग किनारको खुला त्रिपालमा 'छाउ'

## महिला तथा किशोरी असुरक्षित, बाबुआमाका कारण बार्नैपर्ने बाध्यता

**सिर्जना बुढाथोकी, सुर्खेत**

सुर्खेतको वीरेन्द्रनगरदेखि नौ किलोमिटर पश्चिमतिर गएपछि बाटो किनारमै त्रिपाल र खरले छाएको बस्ती भेटिन्छ। कर्णाली राजमार्गको गिरीघाट खोलामा विगत एक दशकदेखि एउटा त्रिपाल र खरले छाएको घरमा बस्ने अधिकांश घर दलित समुदायका नागरिकका हुन्। कर्णाली राजमार्ग छेउमा अवस्थित यो बस्तीमा घाम, पानी, हावा थेक्दा थेक्दै त्रिपाल पनि झुत्रा भइसके। तर, त्रिपालको डोरी समाउनेहरू भने अझै थाकेका छैनन्।

बराहताल गाउँपालिका-८, स्थित गिरीघाटमा रहेको बाढीपीडित गीता विकले दश वर्षदेखि आफू जसोतसो पालमा बसे पनि आफ्ना हुर्केका छोरीचेली जोगाउन समस्या भएको बताउनुभयो। उहाँले आफूहरू महिनावारी (छाउ) हुँदा पनि बार्नुपर्ने चलनले अझै असुरक्षित भएको दुखेसो पोख्नुभयो। 'छोरीहरू ठूला भइसके राजमार्ग छेउमै भएकाले गाडीमा आउने पुरुषहरूको नजर अलि नराम्रो हुँदा डर लाग्छ', गीता भन्नुहुन्छ, 'यसै गरी आएका एक पुरुषले बस्तीकै एउटा छोरीलाई गर्भवती बनाएर भागेर गए, विवाहबिनै छोरा जन्म दिइन् तर बच्चा बित्यो अनि उनी भारत गइन्।'

बाढी पीडित संघर्ष समितिको अध्यक्ष सिर्जना विकले शिविरमा महिलालाई समस्या हुने गरेको बताउनुभयो। उहाँले राजमार्गको छेउ त्यसमा पनि त्रिपालको बासमुनि महिला र बालिकालाई बढी समस्या हुने गरेको बताउनुभयो। सबैभन्दा समस्या महिनावारी भएको बेला हुने गरेको उहाँको भनाइ छ। सरकारले उचित बासको व्यवस्थापन नगरी दिँदा महिलाको स्वास्थ्य, बालबालिकाको पढाइमा समेत ठूलो असर परेको उहाँले बताउनुभयो।



वि.सं २०७१ सालको बाढीबाट पीडित ७० वर्षीय रूपलाल कामीको पीडा पनि उस्तै छ। बाढीले भएभरको जग्गा बगरमा परिणत गरिदिएपछि अन्यत्र जग्गा किनेर घर हाल्न सक्ने क्षमता उहाँको परिवारसँग छैन। जसोतसो राजमार्ग छेउमा कटेरो हालेर बसेका रूपलाललाई राज्यसँगै डराएर बस्नुपर्ने बाध्यता छ। 'पटक-पटक वन कार्यालयले उठ भन्छ। हामी कहाँ जाने ? हाम्रो जाने ठाउँ पनि कतै छैन,' उनी भन्छन्, 'घर हाल्ने जग्गा भए हामी उहिलै यो ठाउँ छोडि सक्थ्यौं। विकल्प बिनै हामी उठेर अन्त कहाँ जाने ?'

आजभोलि उहाँलाई आफैंले भोट हालेका जनप्रतिनिधिको विश्वाससम्म लाग्न छाडिसकेको रहेछ। 'पटक-पटक भोट माग्न आउँदा उचित व्यवस्थापन गर्छौं भनेर भोट मागे, भोट पनि हालियो तर, भोट हालेपछि नेताले चिन्दैनन।' प्रदेश सरकारले घर निर्माणवापत तीन लाख रुपियाँ राहत दिएको थियो।

(क्रमशः पृष्ठ ५ मा)



नेपाल समाचारपत्र राष्ट्रिय दैनिक

# लोकसेवा परीक्षाको तयारी सामग्री



ताराप्रसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

## वस्तुगत प्रश्नोत्तर

**१. ७७औं लोकार्नो फिल्म फेस्टिभलमा उत्कृष्ट अभिनयका लागि प्रतिष्ठित बोक्कालिनो डीओर अवार्ड जित्ने अभिनेत्री को हुन् ?**
- थिन्ले ल्हामो
  - लोकार्नो फिल्म फेस्टिभलको मुख्य विधामा नै प्रतिस्पर्धाका लागि छनोट हुने पहिलो नेपाली चलचित्र बनेको साम्बाला डोल्पाको झन्डै ६ हजार मिटर उचाइमा छायांकन गरिएको
  - सर्टफिल्म बासुल्ली भेनिस फिल्म फेस्टिभलमा पुग्ने पहिलो नेपाली फिल्म बनेको थियो भने कालोपोथीले भेनिस क्रिटिक्स विकमा फेडेरा बेस्ट फिल्म अवार्ड जितेको

**२. यार्तुङ कुन भौगोलिक क्षेत्रमा मनाइने पर्व हो ?**
- मुस्ताङ

**३. भ्वाइस किड्स सिजन-३ को उपाधि विजेता को हुन् ?**
- अनुया तामाङ

**४. पूर्वी जर्मनीले आफ्नो देशको बौद्धिक जमात र कामकाजी युवालाई पश्चिम जर्मनीतर्फ जानबाट रोक्ने उद्देश्यले निर्माण गरेको पर्खाल कुन हो ?**
- बर्लिन पर्खाल ( पर्खाल १ सय ५५ किलोमिटर लामो रहेको)

**५. छायाँनाथ धाम कुन जिल्लामा पर्दछ ?**
- मुगु

**६. इन्डियन फिल्म फेस्टिभल-२०२४ मा बेस्ट फिल्म फ्रम द सबकन्टिनेन्टको अवार्ड जित्ने चलचित्र कुन हो ?**
- द रेड सुट्केस
  - फिडेल देवकोटाले निर्देशन गरेको
  - अवार्डमा कार्तिक आर्यनले चन्दु च्याम्पियनबाट सर्वोत्कृष्ट अभिनेताको अवार्ड जितेको
  - पार्वती तिरुवुतुले फिल्म उल्लोजुक्कबाट बेस्ट एक्ट्रेसको अवार्ड जितेको
  - ट्वेल्थ फेल सर्वोत्कृष्ट फिल्म घोषित भएको
  - लापता लेडिजले क्रिटिक्स च्वाइस फिल्मको अवार्ड प्राप्त गरेको

**७. एमपक्स (मंकीपक्स) पहिलोपटक मानिसमा कहाँ फेला परेको थियो ?**
- कंगो
  - एमपक्स भाइरस पहिलोपटक डेनमार्कमा सन् १९५८ मा अनुसन्धानमा राखिएका बाँदरहरूमा पुष्टि भएको
  - एमपक्स मानिसमा भने पहिलोपटक १९७० मा कंगोमा देखिएको
  - डब्ल्यूएचओका अनुसार एमपक्स हालसम्म नेपाल लगायत १ सय १६ देशमा देखा परिसकेको
  - एमपक्सका क्लेड १ र क्लेड २ गरी दुई वटा मुख्य प्रकार रहेको
  - एमपक्सको संक्रमणका कारण भएको घाउ भने १४ देखि २१ दिनसम्म रहने र त्यसपछि सामान्यत आफैं हराउने गरेको

**८. थाइल्यान्डकी सबैभन्दा कम उमेरकी प्रधानमन्त्री को हुन् ?**
- पेतोङतार्न सिनावात्रा
  - पेतोङतार्न थाइल्यान्डकी दोस्रो महिला प्रधानमन्त्री रहेको
  - यसअघि पेतोङतार्नकी काकी यिङ्लक सिनावात्रा थाइल्यान्डकी पहिलो महिला प्रधानमन्त्री बनेको
  - थाइल्यान्डको संवैधानिक अदालतले प्रधानमन्त्री श्रीथा टाविसिनलाई नैतिकताको नियम उल्लंघन गरेको भन्दै पदमुक्त गरेको
  - घूस लेनदेनको प्रयासमा दोषी ठहर भई ६ महिनाको जेल सजाय सुनाइएका पिजित चुन्बानलाई मन्त्री नियुक्त गरेको भन्दै अदालतले प्रधानमन्त्रीलाई पदमुक्त गरेको

**९. रिक्लेम द नाइट के सँग सम्बन्धित छ ?**
- यौन हिंसाविरुद्ध र लैंगिक समानताको पक्षमा सञ्चालन गरिएको अभियान

**१०. रवीन्द्रनाथ टैगोरलाई कुन कृतिका लागि साहित्यतर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो ?**
- गीताञ्जली

**११. भारत र बंगलादेश दुवै देशका राष्ट्रगानका रचयिता को हुन् ?**
- रवीन्द्रथान टैगोर (ठाकुर)

**१२. लेबाल त्रिरत्न पुरस्कार-२०८१ कसलाइ प्रदान गरिएको हो ?**
- प्राडा विद्यानाथ कोइराला
  - लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाको नामको अघिल्लो एक-एक अक्षरबाट लेबाल त्रिरत्न पुरस्कार स्थापना गरिएको
  - पुरस्कारको राशी १ लाख १ हजार १ सय १ रुपियाँ र सम्मानपत्र रहेको
  - गोपाल पाँडे (असीम) उत्कृष्ट नेपाली पुरस्कार मन्दीप श्रेष्ठलाई प्रदान गरिएको

## विषयगत प्रश्नोत्तर

**१. आर्थिक कार्यविधिका क्षेत्रहरू के-के हुन् ? आर्थिक कार्यविधिको महत्व तथा उद्देश्य उल्लेख गर्दै आथिक कार्यविधि सञ्चालनका नीतिगत तथा संस्थागत व्यवस्थाबारे प्रकाश प्रकाश पार्नुहोस्।**

पृष्ठभूमि
- राज्यकोषको सञ्चालन व्यवस्थापन र परिचालन गर्न अवलम्बन गरिएको पद्धति नै आर्थिक विधि हो।
- आर्थिक कार्यविधि कार्यकारी र व्यवस्थापिकाको भूमिका निर्धारण गर्ने माध्यम मानिन्छ।
- आर्थिक कार्यविधिले सार्वजनिक स्रोत साधनलाई विधिसम्मत् प्रक्रियासम्मत र विवेकसम्मत तरिकाले प्रयोग गर्ने मान्यता राख्दछ।

आर्थिक कार्यविधिका क्षेत्रहरु
- कोष व्यवस्थापनः- सरकारी कोषको प्रकार, कोष प्राप्तिको माध्यम, जिम्मेवार निकाय एवं पदाधिकारी, समग्र कोष सञ्चालन तथा व्यवस्थापनको प्रक्रिया
- बजेट तर्जुमाः- बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयनको स्पष्ट ढाँचा
- राजस्व व्यवस्थापनः- सरकारी राजस्व सक्रलन, दाखिला तथा स्थानान्तरण लगायतका प्रक्रिया र सोका लागि जिम्मेवार संयन्त्रको व्यवस्था
- खर्च तथा निकासाः- स्वीकृत बजेट शीर्षक र क्रियाकलापमा विनियोजन भएको बजेट खर्च गर्ने आधिकारिक संरचना, अख्तियारी, निकासा प्रक्रिया, खर्चको मापदण्ड, आधार तथा प्रक्रिया
- खरिद व्यवस्थापनः- खरिद विधि तथा प्रक्रिया
- लेखाक्रनः- आर्थिक कारोबारको लेखाक्रन प्रक्रिया, सिद्धान्त तथा नीतिहरू, लेखा ढाँचा
- आन्तरिक नियन्त्रण र लेखापरीक्षणः- लेखापरीक्षणका लागि जिम्मेवार संयन्त्र, लेखापरीक्षणको प्रक्रिया, आन्तरिक नियन्त्रणका विधिहरु
- प्रतिवेदनः- प्रतिवेदन गर्ने र प्रतिवेदन प्राप्त गर्ने निकाय, समय, माध्यम, आधारहरू

आर्थिक कार्यविधिको महत्व
- सार्वजनिक व्ययलाई व्यवस्थित बनाउन
- जनप्रतिनिधित्व सुनिश्चित गर्न
- कार्यकारीमाथि व्यवस्थापकीय नियन्त्रण कायम राख्न
- आर्थिक अनुशासन कायम गर्न
- आर्थिक स्थायित्व र स्थिरता कायम गर्न
- आर्थिक अधिकारको सीमा तोक्न
- सार्वजनिक खर्चको प्रभावकारीता बढाउन
- सीमित स्रोतबाट अधिकतम लाभ र प्रतिफल हासिल गर्न
- प्रगतिशील र व्यावहारिक कर नीति अवलम्बन गर्न
- वैदेशिक सहायतालाई बजेट प्रणालीमा आबद्ध गराउन
- चालू र पुँजीगत खर्चमा एकरूपता ल्याउन
- बजेटको प्रभावकारी कार्यान्वयन गर्न
- सरकारको वैधता स्थापित गर्न
- सुशासन प्रवर्द्धन गर्न
- सार्वजनिक पदाधिकारीहरुलाई जनताप्रति उत्तरदायी बनाउन

आर्थिक कार्यविधिको उद्देश्य
- विनयोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु
- सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी तथा विश्वासनीय बनाउनु
- सार्वजनिक कोषको दुरुपयोगलाई निराकरण गर्नु
- सार्वजनिक कोषको महत्तम विवेकशील दक्षतापूर्ण र प्रभावकारी ढंगले उपयोग गर्नु
- सार्वजनिक कोष उपयोगमा स्पष्ट कार्यान्वयन ढाँचा निर्धारण गर्नु
- वित्तीय अनुशासन कायम गर्नु
- सार्वजनिक सम्पत्तिको संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक आधारहरु निर्धारण गर्नु
- सार्वजनिक वित्त व्यवस्थापनको प्रक्रियामा नागरिक संलग्नता र नियमनको अभिवृद्धि गराउनु

आथिक कार्यविधि सञ्चालनका नीतिगत तथा संस्थागत व्यवस्था

*(क) संवैधानिक व्यवस्था*
- कानुन बमोजिम बाहेक कर लगाउन र ऋण लिन नपाउने धारा ११५, २०३ र २२८
- संघीय प्रदेश र स्थानीय सञ्चित कोषको व्यवस्था
- सञ्चित कोषमाथि व्ययभार
- राजस्व र व्ययको अनुमान
- विनियोजन ऐनको व्यवस्था
- पूरक अनुमान
- पेस्की खर्च ऐन
- उधारो खर्च ऐन
- आकस्मिक कोष

*(ख) नीतिगत तथा कानुनी व्यवस्था*
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ तथा सम्बन्धित नियमावली-२०७७
- सार्वजनिक खरिद ऐन-२०६३ तथा सम्बन्धित नियमावली,-२०६४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४
- लेखापरीक्षण ऐन-२०७५
- सरकारी कारोबार निर्देशिका-२०७६
- एकीकृत आर्थिक सक्रेत तथा वर्गीकरण र व्याख्या-२०७४ (चौथो परिमार्जन)
- नेपालको सरकारी लेखा फाराम-२०७६ (पहिलो संशोधन, २०७९)
- नेपालको सार्वजनिक क्षेत्र लेखामान-२०७९
- आन्तरिक लेखापरीक्षण कार्यविधि-२०७९
- सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि-२०७९
- लेखा निर्देशिका-२०७३
- बजेट तर्जुमा दिग्दर्शन तथा कार्य सञ्चालन निर्देशिका
- सालबसाली रूपमा जारी कानुन, परिपत्र तथा निर्देशनहरू।

*(ग) संस्थागत व्यवस्था*
- राष्ट्रिय योजना आयोग
- अर्थ मन्त्रालय
- महालेखापरीक्षकको कार्यालय
- महालेखा नियन्त्रक कार्यालय
- कोष तथा लेखानियन्त्रक कार्यालय
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
- विषयगत मन्त्रालय तथा अन्तर्गतका निकाय
- कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय
- संसदीय समिति
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- नागरिक समाज तथा मिडिया जमात
- सरकारी कारोबार गर्ने निकायहरु

निष्कर्ष

सार्वजनिक वित्तमा जनताको नियन्त्रण कायम गर्न र उच्चतम सदुपयोग गर्न आर्थिक कार्यविधिको व्यवस्था गरिन्छ। तीन तहकै सरकारलाई प्राप्त आर्थिक अधिकार उपयोगलाई व्यवस्थित, उत्तरदायी, नतिजामूलक र पारदर्शी बनाई वित्तीय अनुशासन कायम गर्न आर्थिक कार्यविधि महत्वपुर्ण औजार मानिन्छ।

**२. वित्तीय हस्तान्तरणका आयामहरू प्रस्तुत गर्दै वित्तीय हस्तान्तरणमा देखिएका समस्याहरू र उक्त समस्या समाधान गर्न आवश्यक सुझावहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- सङ्घीय प्रणाली अवलम्बन गरेका मुलुकहरूमा माथिल्लो तहको सरकारले तल्लो तहको सरकारलाई गर्ने वित्तको हस्तान्तरण नै वित्तीय हस्तान्तरण हो।
- वित्तीय संघीयताका विभिन्न आयामहरुमध्य वित्तीय हस्तान्तरण एक महत्वपूर्ण पक्ष हो।

वित्तीय हस्तान्तरणका आयामहरु

*(क) वित्तीय समान्यीकरण अनुदान*
- न्यूनतम वित्तीय सामान्यीकरण अनुदान
- शूत्रमा आधारित वित्तीय सामान्यीकरण अनुदान
- कार्यसम्पादन मूल्याक्रनको आधारमा हस्तान्तरण हुने वित्तीय सामान्यीकरण अनुदान

*(ख) स-सर्त अनुदान*

*(ग) समपूरक अनुदान*

*(घ) विशेष अनुदान*

वित्तीय हस्तान्तरणमा देखिएका समस्याहरु
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेका आधारहरू अनुसार प्रदेश तथा स्थानीय तहको विद्यामान अवस्था पहिचान गर्न खण्डीकृत एवं एकीकृत तथ्याक्रको अभाव रहेको
- वित्तीय हस्तान्तरणका आधारहरुको वस्तुनिष्ठ विश्लेषण हुन नसकेको
- सबै सङ्घीय एकाइहरूको कार्यसम्पादन ट्राकिङ गर्ने उपयुक्त औजारहरूको व्यवस्था हुन नसकेको
- कार्यसम्पादन मूल्याक्रनको आधारमा वितरण गरिने अनुदान प्रक्रियागत कार्य सूचकको आधारमा केन्द्रित रहेको
- सङ्घीय एकाइहरूलाई संविधान तथा कानुनले प्रत्याभूत गरेको जिम्मेवारी निर्वाह गर्न सक्ने गरी वित्तीय हस्तान्तरण हुन नसकेको
- कतिपय स्थानीय तहले हस्तान्तरण भएको रकम खर्च गर्न नसकेको
- खर्चको आवश्यकता र खर्च गर्ने क्षमता बीच तादात्म्य कायम हुन नसकेको
- आयोगले सिफारिस गरे बमोजिम वित्तीय सामान्यीकरण अनुदान वितरण नभएको
- स-सर्त अनुदानको रूपमा प्रदान गरिएको रकम सम्बन्धित क्षेत्रमा खर्च नगरी अन्य क्षेत्रहरूमा खर्च गर्ने प्रवृत्ति बढ्दै गएको
- वित्तीय सामान्यीकरण अनुदान बापत पठाएको रकमबाट प्रशासनिक कामकारबाहीमा खर्च गरिएको
- समपूरक अनुदान तथा विशेष अनुदानमा समेत एलिट वर्गहरूको प्रभुत्व रहन गएको
- वित्तीय हस्तान्तरण बापतको रकम उपयोग गर्ने क्षेत्र र प्राथमिकताको क्षेत्र निर्धारण नगरी पठाउँदा स्रोत साधन छरिने सम्भावना रहेको
- सङ्घीय सरकारले स-साना टुक्रे योजनाहरूमा रकम किटान गरेर अनुदान रकम पठाउने प्रवृत्ति बढ्न थालेको

वित्तीय हस्तान्तरणमा देखिएका समस्या समाधानका उपायहरु
- वित्तीय सामान्यीकरण अनुदान प्रदान गर्दा क्षेत्रीय असन्तुलन कम गर्ने, गरिबी न्यूनीकरण गर्ने, आर्थिक सामाजिक असमानता अन्त्य गर्ने तथा पीछडिएको वर्ग समुदायको सशक्तीकरण गर्ने जस्ता पक्षहरूलाई समेत विश्लेषण गर्नुपर्ने
- सबै सङ्घीय एकाइहरूको खण्डीकृत एवं एकीकृत तथ्याक्रहरूको सक्रलन, प्रशोधन र विश्लेषणमा जोड दिनुपर्ने
- स-सर्त अनुदान वितरण गर्दा एकल अधिकारभित्र रहेका, स-साना टुक्रे एव दोहोरो विनियोजन हुने गरी आयोजनाहरूमा खर्च शीर्षक र विनियोजित रकम नै तोकेर वितरण गर्ने प्रचलनको अन्त्य गर्नुपर्ने
- वित्तीय हस्तान्तरण गर्ने रकममध्ये वित्तीय सामान्यीकरण अनुदानलाई मूल प्रवाहीकरण गर्दै सशर्त, समपूरक र विशेष अनुदानलाई क्रमशः कम गर्दै लैजाने
- नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गर्नुपर्ने राष्ट्रिय नीति, योजना, कार्यक्रमहरू र निश्चित प्राथमिकता प्राप्त आयोजनाहरूमा मात्रै स-सर्त अनुदान वितरण गर्नुपर्ने
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संस्थागत क्षमताको सुदृढीकरण गर्ने
- आयोगले सिफारिस गरे बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहमा वित्तीय सामान्यीकरण अनुदान हस्तान्तरण नगरेको सन्दर्भमा आयोगको सिफारिसलाई बाध्यकारी बनाउन आवश्यक नीतिगत व्यवस्था गर्ने
- सङ्घीय एकाइहरूबीच जिम्मेवारी, स्रोतसाधन र क्षमता बीचको तादात्म्य मिलाउने
- सङ्घीय एकाइहरू बीचको क्षेत्राधिकारमा रहेको दोहोरोपनको अन्त्य गर्ने
- एक अर्को तहको स्वायत्ततालाई स्वीकार गर्ने असल संस्कारको विकास गर्ने
- श्रोत साधनको महत्तम एवं कुशल उपयोग गर्दै वित्तीय सुशासनको बढ्दो जोखिम न्यूनीकरण गर्ने
- वित्तीय स्रोत साधनमा रहेको केन्द्रमुखी प्रवृत्तिको अन्त्य गर्ने
- आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न प्रादेशिक तथा स्थानीय तहहरूले क्रियाशीलता बढाउने
- बढ्दो प्रशासनिक खर्चको न्यूनीकरण गर्ने
- दिगो उपयोगमुखी र रूपान्तरणकारी आयोजनामा लगानी अभिवृद्धि गर्ने
- अन्तरतह लागत साझेदारीमा जोड दिने
- विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय सुशासनमा जोड दिने
- सङ्घीय एकाइहरूमा भरपर्दो तथा विश्वसनीय तथ्याक्र प्रणालीको विकास गर्ने,
- तीनै तहमा जोखिमको पहिचान गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने
- वित्तीय हस्तान्तरणलाई कार्यसम्पादनमा आबद्ध गर्ने, कार्यसम्पादन सूचक नतिजामुखी बनाउने

निष्कर्ष

संघीय इकाइहरुबीच हुने आर्थिक असमानताको परिपूर्ण गरी समन्वय कायम गर्न, हरेक तहका सरकारले प्रवाह गर्ने न्यूनतम सेवा र गुणस्तरमा फरक नपार्न तथा अन्तर समानता घटाउन, राजस्व र खर्च जिम्मेवारी बीचको अन्तर पूर्ति गर्न, राष्ट्रको प्राथमिकता तथा नीतिलाई संघीय इकाइहरुबीचको समन्वयात्मक रूपमा प्रभावकारी कार्यान्वयन गर्न वित्तीय हस्तान्तरण गरिन्छ।

**३. हरित वित्तको महत्व के रहेको छ ? हरित वित्त कार्यान्वयनका समस्याहरू पहिचान गर्दै हरित वित्त अवधारणाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- दिगो विकास र वातावरणीय सन्तुलनको अवधारणालाई आत्मसाथ गर्दै आर्थिक विकास गर्नु नै हरित वित्त हो।
- वित्त र वातावरण विच एकीकरण गरी प्रकृतिको साधन आधारलाई सन्तुलित गरिराख्न हरित वित्तको अवधारणा अगाडि सारिएको हो

हरित वित्तको महत्व
- आर्थिक उत्पादनको ढाँचा परिवर्तन गर्न
- प्राकृतिक विज्ञान र अर्थबीचको दूरीलाई घटाउन
- अर्थतन्त्रलाई प्राकृतिक विज्ञान अनुकूल बनाई स्वच्छ विकास संयन्त्रबाट वित्तले दोहोरो लाभांस प्राप्त गर्न
- वातावरणीय स्वच्छता कायम गर्दै मानवीय आवश्यकता पूरा गर्न
- शहरी व्यवस्थापन, आवास तथा घरहरु निर्माण लगायतका विकास कार्यलाई वातावरणमैत्री, किफायती र सुरक्षित बनाउन
- हरित व्यवहार तथा हरित रोजगारी प्रवर्द्धन गर्न
- हरित उत्पादन प्रणाली र व्यापारमा जोड दिन
- वित्तीय लचिलोपनलाई बढवा दिन
- वातावरणीय प्रकोपका जोखिमलाई न्यूनीकरण गर्न
- प्राकृतिक स्रोतहरू, जैविक विविधता र समग्र वातावरणीय स्वास्थ्यको संरक्षणमा योगदान गर्न
- जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न
- हरितगृह ग्यास उत्सर्जन कम गर्ने विश्वव्यापी प्रयासमा सहयोग गर्न
- वातावरणीय जोखिमहरूको मूल्याक्रन र व्यवस्थापन गरी सम्भावित वित्तीय जोखिमहरूलाई न्यूनीकरण गर्न
- भावी पुस्ताका लागि प्राकृतिक स्रोतहरूको दीर्घकालीन उपलब्धता सुनिश्चित गर्न
- प्रदूषण न्यूनीकरण गर्न
- हरितगृह ग्यास उत्सर्जन कम गर्न
- पारिस्थितिक प्रणालीको सुरक्षा गर्न
- जीवाश्म इन्धनमा निर्भरता कम गर्न
- सौर्य, हावा, र जलविद्युत् जस्ता नवीकरणीय र स्वच्छ ऊर्जा स्रोतहरूको प्रयोगलाई बढवा दिन
- उद्योग, भवन, र यातायातमा फोहोर र उत्सर्जन कम गर्न ऊर्जा प्रयोगको दक्षतामा सुधार गर्न
- प्राकृतिक वासस्थानको संरक्षण र जैविक विविधताको संरक्षण गर्न
- दिगोपन र वातावरण संरक्षण प्रवर्द्धन गर्न
- सार्वजनिक यातायात प्रणालीको विकास गर्दै कम उत्सर्जन हुने सवारी साधनहरूको प्रयोगलाई प्रोत्साहन गर्न
- आर्थिक वृद्धिलाई वातावरणीय व्यवस्थापन र सामाजिक कल्याणसँग सन्तुलनमा राख्न
- हरित प्रविधि र नवीकरणीय ऊर्जामा लगानी बढाउन
- आर्थिक वृद्धिमा योगदान गर्न
- कार्बन उत्सर्जन दरलाई न्यूनीकरण गर्न
- वातावरणीय प्रभावहरू कम गर्न
- रासायनिक बिषादीको प्रयोगमा न्यूनीकरण र माटोको स्वास्थ्यमा सुधार गर्न
- खाद्य सुरक्षा सुधार गर्न
- वित्तमा दिगोपनाका लक्ष्यहरू प्राप्त गर्न
- नवप्रवर्तन र प्रविधि विकासका क्रियाकलापहरुमा जोड दिन
- स्वच्छ ऊर्जा र दिगो अभ्यासहरूमा संक्रमणलाई ड्राइभ गर्न

हरित वित कार्यान्वयनका समस्याहरु
- सरोकारवालाबीच हरित वित्त अवधारणाको बारेमा सचेतना र बुझाइको कमी
- व्यावसायिक एकाइ तथा वित्तीय संस्थाहरु हरित वित्तका फाइदा र संयन्त्रहरूसँग परिचित हुन नसकेको
- हरित वित्तसँग सम्बन्धित ‘स्ट्यान्डर्ड फ्रेमवर्क, दिशानिर्देश र नियमको अभाव रहेको
- हरित क्षेत्रमा लगानीको उपयोगिता र अनुगमनमा समस्या रहेको
- हरित परियोजनामा समर्पित पुँजी र वित्तीय स्रोतको सीमित उपलब्धता रहेको
- बैंक तथा वित्तीय संस्थाहरु हरित पहलका लागि ऋण वा लगानी उपलब्ध इच्छुक नरहेको
- अपर्याप्त क्षमता
- प्राविधिक विशेषज्ञता र दक्षताको कमी
- वातावरणीय कार्यसम्पादन र दिगोपन सूचकमा सही र भरपर्दो तथ्याक्र उपलब्ध नहुनु
- बैंक तथा वित्तीय संस्थाद्वारा अन्य परियोजनाको तुलनामा हरित परियोजना तुलनात्मक रूपमा उच्च जोखिमका रूपमा लिने गरेको

हरित वित्त अवधारणाको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरु
- प्रभावकारी जोखिम व्यवस्थापन रणनीति लागू गर्नका लागि हरित वित्तका पहलमा विश्वास बढाउने
- हरित ऋणपत्रको विकास र विस्तारमा जोड दिने
- जागरुकता र क्षमता निर्माण पहललाई बलियो बनाउने
- हरित वित्त कार्यान्वयनका लागि सहयोगी नीति र नियम विकास गर्ने
- नवीकरण उर्जामा दिगो लगानी कोष अभिवृद्धिमा जोड दिने
- तथ्याक्र संकलन र रिपोर्टिङ संयन्त्र तयार गर्ने
- बैंक तथा विमा कम्पनीमा हरित लगानी उन्मुख नीतिको तर्जुमा गर्ने
- सरोकारवालाबीचको सहकार्यलाई बढवा दिने
- ग्रिन बन्ड र हरित ऋण जस्ता नवीन वित्तीय उत्पादन सिर्जनामा जोड दिने

निष्कर्ष

हरित वित्तको अवधारणाले विकास र वृद्धि उत्पादन जस्ता मानवीय क्रियाकलापहरुलाई छुट्टै नहेरी वातावरण सन्तुलन, जैविक विविधता संरक्षण तथा प्राकृतिक स्रोतको पुनर्भरणसहितको उपयोगको सापेक्षतामा हेरिनुपर्छ भन्ने मान्यता स्थापित गरेको छ।

# वर एन्ड बधुमा
## आँचलको भरपुर ग्ल्यामर




नायिका आँचल शर्मालाई भरपुर ग्ल्यामर अवतारमा प्रस्तुत गर्दै फिल्म वर एण्ड वधुको ट्रेलर सार्वजनिक गरिएको छ।

आगामी १४ गते रिलिजमा आउने फिल्मको ट्रेलर राजधानीमा आयोजित एक कार्यक्रमबीच सार्वजनिक गरिएको हो। आँचल र नवनायक विवेक कर्माचार्यबीचको प्रेम, रोमान्स, धोका र गीतका दृश्यलाई समावेश गरी तयार पारिएको ट्रेलरमा कमेडी र एक्सनले भरपुर स्थान पाएको छ।

मिलन चाम्सद्वार निर्देशित फिल्ममा आँचल शर्मा, विवेक कर्माचार्य, गरिमा शर्मा, विजय लामा, विजु पार्की, रवीन्द्र खड्का, किरण केसी, सरिता लामिछाने, हिमेश पन्त, कुसुम शर्मा, सृष्टि खड्का, दिनेश काफ्ले, यमन श्रेष्ठ, अंशु महर्जन, सिता न्यौपानलगायत कलाकारले अभिनय गरेका छन्। नायिका आँचल शर्माले फिल्म दर्शकका लागि विशेष खुराक हुने बताइन्। निर्देशक चाम्सले फिल्म दर्शकलाई मन पर्ने विश्वास व्यक्त गरे। डेब्यू अभिनेता कर्माचार्यले फिल्मका लागि निकै मिहिनेत गरेको बताए। अभिनेता किरण केसीले आफूले काम गरेका एक सयभन्दा बढी फिल्ममध्ये वर एन्ड बधु एक-दुई नम्बरमा पर्ने बताए।

नेपाल र रोमानियामा छायांकन गरिएको फिल्म एलआरके प्रोडक्सनको ब्यानरमा जानुका थापाले निर्माण गरेकी हुन्। अमित रिजाल कार्यकारी निर्माता रहेको फिल्ममा प्रदीप भारद्वाजको लेखन, अर्जुन पोखरेलको संगीत, रवीन्द्र न्यौपाने र अनिस स्याङ्देनको कोरियोग्राफी, सन्तोष लामाको कला निर्देशन, हिमाल केसीको द्वन्द्व निर्देशन, सुदीप बरालको छायांकन निर्देशन र मिलन श्रेष्ठको सम्पादन रहेको छ।

# देववाणीमा रोमान्टिक कुन्दन र अनुजा



आगामी मंसिर ७ गतेका लागि रिलिज डेट तोकिएको फिल्म देववाणीमा समावेश गीत तिमीलाई सधैंभरि आइतबार राजधानीमा आयोजित एक कार्यक्रमबीच सार्वजनिक गरिएको छ। कार्यक्रममा फिल्मको टिजर र अर्को एक गीत पनि सार्वजनिक गरिएको थियो।

सार्वजनिक गीतमा प्रतापदास र सुनीता कार्कीको स्वर, भोला पौडेलको शब्दरचना तथा मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत रहेको छ। भारतका विभिन्न सुन्दर दृश्यमा खिचिएको गीतको भिडियोमा फिल्मका नायक कुन्दन भारद्वाज र नायिका अनुजा लेप्चा फिचर्ड छन्। कुन्दन र अनुजालाई रोमान्टिक भावमा देखाइएको छ। गीतको भिडियोमा तेन्जु योञ्जनको कोरियोग्राफी छ।

मौसम फिल्म्स् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको ब्यानरमा

मिना खड्का र हिराबहादुर लेप्चाद्वारा निर्मित तथा बाबुसाहेब बलामीद्वारा निर्देशित फिल्ममा कुन्दन भारद्वाज, अनुजा लेप्चा, सुनील थापा, ध्रुव कोइराला, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देवसिंह, प्रदीप ढकाल, लक्ष्मीनाथ तिमल्सिना र मौसम पौडेललगायतले अभिनय गरेका छन्।

सिमरा, वीरगन्ज, इटहरी र काठमाडौंमा छायांकन गरिएको फिल्ममा निराजन मेहता मन्जिलको पटकथा र संवाद, मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत, रामजी लामिछाने र तेन्जु योञ्जनको कोरियोग्राफी, श्री श्रेष्ठ र देव महर्जनको द्वन्द्व, हरिबहादुर घलेको छायांकन र बन्देप्रसादको सम्पादन रहेको छ। मनकुमार लेप्चा र रमेश ढुंगेल 'झापाली' कार्यकारी निर्माता रहेको फिल्म नेपाली र हिन्दी भाषामा निर्माण गरिएको छ।

# कुरा काटेर तीज गीत



हिन्दु नारीहरूको विषेश चाड तीजलाई लक्षित गर्दै रोइला गायक शिरिष देवकोटा र गायिकाद्वय ज्योति न्यौपाने र जुना श्रिस मगरले तीज गीत कुरा काटेर बजारमा ल्याएका छन्।

समसामयिक विषयमा रचिएको गीतले महिलाको कुरा काटेर हिंड्ने बानी र पुरुषको बाहिरी माया साटेर हिँड्ने बानीबारे रमाइलो तरिकाले सचेत गरेको छ। शिरिषको साथमा ज्योतिको शब्द रचना रहेको गीतमा ज्योतिकै संगीत रहेको छ।

गीतमाथि तीजको नाचगानसहित रमाइलो माहोल झल्कने गरी म्युजिक भिडियो निर्माण गरिएको छ। स्मृति तिमल्सिना गुरुआमाको निर्देशन रहेको भिडियोमा दुर्गा पौडेलको छायांकन र नवीन घर्तीमगरको सम्पादन रहेको छ। हालै शिरिष देवकोटा युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको भिडियोले उत्साहजनक भ्युज पाएको छ।

# निशब्द निर्देशन गर्दै शुभेच्छा



अभिनेत्री तथा निर्देशक सुभेच्छा थापाको निर्देशनमा बन्ने फिल्म निशब्दको राजधानीको भद्रकाली मन्दिरमा शुभमुहूर्त गरिएको छ।

तेस्रो लिंगीसँग सम्बन्धित विषयवस्तुलाई लिएर निर्माण हुने फिल्ममा शुभेच्छा थापा, सरोज दाहाल, उमेश खड्का, समीप निरौला, गोमा केसी, रश्मि भट्ट, सुशीला निरौला, कमल बोहोरा, रमेश ढकाल, सबिता खड्का, भगवान् भण्डारी, कल्पना विसि, सञ्जय मुडभरी, मायादेवि श्रेष्ठ, सहारा खड्का, हुमा गिरी, सागर हुमागाई, चन्द्रबहादुर गुरुङ, बन्दना गुरुङ, अनुप श्रेष्ठ, सुरेश पुडासैनी, प्रनिता तामाङ, मन महर्जन, गंगा गुरुङ, प्रकृति राणा मगरलगायत कलाकारले अभिनय गर्नेछन्।

राधारमण मन्जिल मल्टीप्रपोज ग्रुपको ब्यानरमा उमेश खड्काले निर्माण गर्ने फिल्ममा ,सौरभ दवाडीको पटकथा, देव श्रेष्ठको द्वन्द्व निर्देशन, शंकर विश्वकर्माको नृत्य निर्देशन र विनोद बरालको छायांकन रहनेछ।


## VACANCY

The Rolling Stones School is an English Medium School that focuses on Early Childhood Development Programs and Arts & Music. The school emphasizes on practical teaching techniques led by highly professional educators.

We are looking for appointing a dedicated, self oriented and dynamic professional for the following posts:

**Secondary and Lower Secondary Level Teacher**
**Subjects: Science, and Optional Math**
**No. of Vacancy: 1**

**JOB DESCRIPTION**
- Planning, preparing and delivering lessons to all students in the class.
- Teaching according to the educational needs, abilities and achievement of the individual students and group of students.
- Assigning work, preparing question papers, correcting and marking work carried out by his/her students.
- Assessing, recording and reporting on the development, progress, attainment and behavior of one's students.
- Maintaining good order and discipline amongst students under one's care and safeguarding their health and safety at all times.
- Participating in staff, group or other meetings related to the school curriculum for the betterment and growth of the organization.
- Making use of audiovisual technological devices (such as radio aids; projectors) and other adaptations during the delivery of the lessons.
- Communicate with parents regarding student progress, potential and behavior periodically through phone or electronic means and at parent and teacher conferences.
- Improve skills and knowledge in teaching by regularly taking classes, attending workshops and discovering new methods of delivering exciting content to students.


**JOB SPECIFICATION**
- Must have completed Bachelor's Degree
- Must have minimum 1 year of experience in the related field
- Fluency in both English and Nepali (oral and written)
- Enthusiastic, hardworking, dedicated and professional knowledge and implementation skills in the related field
- Must be polite and dutiful
- Interact with parents to enhance learning process of students

Working Hours: 09:45 AM to 4:15 PM (Full Time)
Salary: Negotiable

**Interested candidates are requested to submit their updated resume with cover letter through email hrrollingstones@gmail.com**

The Rolling Stones
ENGLISH MEDIUM SCHOOL

Maru Bhimsensthan, Kathmandu
Phone: 5361179, Email: hamroschool@gmail.com

सम्पादकीय

# क्षति रोक्न पूर्वसतर्कता अत्यावश्यक

हिमताल फुटेर ताप्लेजुङको थामेले ठूलो विपत्तिको सामना गर्न पर्‍यो। हिमताल फुट्नाले अकस्मात् आएको बाढीले सिंगो बस्तीलाई क्षतविक्षत पार्‍यो। झन्डै ५० घरपरिवारले अकल्पनीय पीडा व्यहोर्नुपरेको छ। खाने अन्न र बस्ने बाससमेत गुमाउनुपरेको छ। यस्तो अवस्थामा सरकारी निकायले तत्काल राहत उपलब्ध गराउन आफ्ना सबै संयन्त्रहरू परिचालन गर्नुपर्छ। शनिबार रक्षामन्त्रीलगायतको सरकारी टोली घटनास्थल पुगेर केही राहत सामग्री वितरण गरे पनि त्यो पर्याप्त छैन। पीडितहरूको पीडालाई सरकारले आत्मसात् गरी सो क्षेत्रमा विशेष राहत र पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्नुपर्छ।

नेपालमा हिमाल स्रोत भएका वा हिउँ पग्लिएर बनेका हिमताल कुनै पनि बेला फुट्न सक्ने भन्दै यसअघि नै विज्ञहरूले सचेत पार्दै आइरहेका छन्। धन्न थामेमा आएको विपत्तिमा मानवीय क्षति हुन पाएन। हिमनदी, हिमताल र हिमाली हावापानीबारे अध्ययन गर्दै आइरहेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युएनडीपी) ले अघिल्लो वर्ष भदौमा सार्वजनिक गरेको एउटा अध्ययन रिपोर्टले नेपाल हिमताल र हिमनदीबाट ठूलो जोखिममा रहेको औँल्याएको थियो।

इसिमोड र युएनडीपीले झन्डै तीन वर्ष लगाएर गरेको पछिल्लो अध्ययनमा नेपालमा रहेका कैयौँ हिमताल कुनै पनि समय फुट्न सक्ने भन्दै त्यस्ता हिमतालको पहिचानसमेत गरिएको छ। सो अध्ययनले नेपालभित्रै तथा चीन र भारतमा रहेर पनि मानव बस्तीलाई क्षति पुर्‍याउन सक्ने ३ हजार ६ सय २४ ग्लेसियर हिमताल पत्ता लगाएको छ। यसमध्ये कोशी बेसिन (जलाधार) अन्तर्गत धेरै हिमताल देखिएका छन्। कोशी बेसिनअन्तर्गत ६४ हिमताल भेटिएको छ। यस्तै, कर्णाली बेसिनमा १ हजार १ सय २८ र गण्डकी बेसिनमा ४ सय ३२ हिमताल जोखिममा छन्। स्याटलाइट इमेज (भूउपग्रहमार्फत लिइएको तस्वीर) र अरू धेरै माध्यमबाट गरिएको अनुसन्धानले पनि ४७ वटा हिमताल कुनै पनि समय फुटेर नेपालतर्फको मानव बस्तीलाई ठूलो क्षति पुर्‍याउन सक्ने जोखिम औँल्याइएको छ। यसमा पनि कोशी बेसिनअन्तर्गत रहेका ४२ वटा हिमताल कुनै पनि समय फुट्ने उच्च जोखिममा रहेको भन्दै सतर्कता अपनाउनसमेत इसिमोडले सरकार तथा सरोकारवाला निकायलाई सचेत पारेको छ।

सरकारी निकायले पनि हिमतालका बारेमा छुट्टै अध्ययन, अनुसन्धान गर्न जरुरी छ। तर अहिले भने इसिमोडकै अध्ययनलाई आधार मानी जोखिममा रहेका हिमताल फुटेर कुनै पनि बेला ल्याउन सक्ने विनाशलाई कमी गर्न सोही अनुसारका पूर्वतयारी र सोही अनुसारका योजनाहरू बनाउन अत्यावश्यक छ। हिमताल फुटेर एकैपटक पानी बाहिरिँदा त्यसको असर कति टाढासम्म पर्न सक्छ र कहाँसम्मका बस्तीहरू प्रभावित हुन सक्छन् भन्ने बारेमा निक्र्योल गरी त्यस्ता बस्तीहरूलाई सुरक्षितरुपमा स्थानान्तरण गराउन सरकारी पक्षले विशेष योजना, कार्यक्रम र बजेट तर्जुमा गर्न ढिलाइ गर्नुहुँदैन। अन्यथा भोलि जुनसुकै हिमताल पनि फुटेर त्यसले भयानक मानवीय र भौतिक क्षति गर्न सक्छ। त्यस्तो अवस्था आउन नदिन पनि अहिलेदेखि नै पूर्वसतर्कतासहितको विशेष योजना ल्याउनु अत्यावश्यक छ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# नेताहरू ! सकिएर होइन कि सुध्रिएर देखाऊ



नगेन्द्रराज पौडेल

यति बेला नेपाली राजनीतिका खेलाडी मानिने नेताहरूप्रति संकटको अवस्था आइपरेको छ। केही घरेलु र केही बाह्य कारणले उनीहरू अन्यमनष्क अवस्थामा छन्। श्रीलंका, बंगलादेश मात्र होइन पछिल्लोपटक थाइल्यान्डको संवैधानिक अदालतले त्यहाँका प्रधानमन्त्री स्रेथा थबिसिनलाई बर्खास्त गरेको समाचारले नेतृत्वसमक्ष या त सकिनुपर्ने, या त सुध्रिनुपर्ने चुनौती देखिएको छ। जेल बसेको एक वकिललाई मन्त्रिपरिषद्मा सामेल गरेको आरोपमा थाइल्यान्डमा प्रधानमन्त्रीलाई नै बर्खास्त गरिएको हो।

६७ वर्षीय थबिसिनले नैकितकताका नियम उल्लंघन गर्न'का साथै अवज्ञापूर्ण व्यवहार गरेको अदालतको ठहर छ। उनी एक वर्षभन्दा पनि कम समय प्रधानमन्त्री रहे। साथै उनी पछिल्लो १६ वर्षमा संवैधानिक अदालतले हटाएका तेस्रो प्रधानमन्त्री हुन्। थाइल्यान्डमा संवैधानिक अदालतको फैसला अन्तिम हुने र यसविरुद्ध पुनरावेदन लाग्ने छैन।

**बंगलादेशको घटना :**

अघिल्लो साता बंगलादेशमा राजनीतिले नयाँ रुप लियो। तुरुन्त यसको हावा विश्वभर फैलियो। हरेकले आ-आफ्ना अड्कलबाजी गर्न थाले। कतिले त यो अवस्था नेपालमा किन नआएको भन्दै व्यङ्ग्य पनि गर्न थाले। 'बहुमतको दम्भ कसैले गर्न नहुने' भन्दै नेकपा माओवादीका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिक्रिया दिए। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पत्रकारसँगको प्रतिक्रियामा 'बंगलादेशमा लोकतन्त्र बहाल हुनुपर्ने' विचार व्यक्त गरे। नेपाली नेकांग्रेसका नेता शेखर कोइरालाले बंगलादेशको घटना नेपालमा कुनै पनि बेला घट्न सक्ने अभिव्यक्ति दिएका छन्।

**नेपालका लागि सबक :**

लगभग उनै पात्र उस्तै प्रवृत्तिबीच सरकारको गठबन्धन वल्लो घरको नरे पल्लो घर सरेको अवस्थामा फेरिएको छ। यसको एउटा कारण राजनीतिक स्थायित्व भनिएको छ। उता मित्रराष्ट्र बंगलादेशमा २००९ मा निर्वाचित भएर लगातार चौथोपटकका लागि गत जनवरीमा जनमत पाएकी त्यहाँकी प्रधानमन्त्री शेख हसिनाले आन्दोलनका कारण राजीनामा दिई भारतमा शरण लिन पुगिन्। लगभग १६ वर्ष एकछत्र राज्य सञ्चालन गरेकी उनी देश छाडेर शरणार्थीका हैसियतमा पुगिन्। भारतले पनि उनलाई लामो समय शरण नदिने भएपछि तेस्रो मुलुक जाने उनको मुरादा पनि असफल भयो। अन्ततः उनी स्वदेश नै फर्कने उद्घोष गरेकी छन्। तर यता बंगालदेशका नवनियुक्त गृहमन्त्रीले भने स्वदेश आउन सक्ने तर अस्थिरताको कारक नबन्न चेतावनी दिएका छन्। जसले डेढ दशक एकछत्र राज्यसत्ता चलायो, उसैको यो हबिगत किन भयो ? नेपालका नेताहरूले देख्न जरुरी छ। यसबाट पाठ सिक्न जरुरी छ।

सन् १९७१ को बंगलादेश स्वतन्त्रता संग्रामका नायकका परिवारका नाममा राज्यले दिँदै आएको आरक्षणका विरोधमा जुलाई १, २०२४ बाट शुरु आन्दोलनले ३६ दिन पार गर्दै गर्दा ३५० भन्दा बढीको ज्यान गैसकेको र स्थिति साम्य नहुने आँकलनका साथ सेनापतिसमेतको राय-सल्लाहमा हसिनाले लिएको यो निर्णय मित्रराष्ट्र नेपालका लागि पनि थप सिकाइ हुन सक्छ। बहुमत र लामो अवधि सत्तामा रहेकै कारण जो-कसैलाई पनि जनताले छाड्दैनन् भन्ने कुरा उक्त घटनाबाट सिक्न जरुरी छ। यद्यपि प्रधानमन्त्री हसिनाको बहिर्गमनपछि पनि बंगलादेशमा भएको थप हिंसा, लुटपाट र शालिक तोड्ने कामलाई जायज मान्न सकिँदैन। जसरी आन्दोलनको उठान भयो, त्यसको व्यवस्थित बैठान गर्न भने उनीहरूलाई हम्मेहम्मे परेको देखियो।

कारण जेसुकै होस्, नेपालका शासकहरूले भने यसअघि भएको श्रीलंकाली घटना र हालै बंगलादेशमा भएको सो घटनाबाट पाठ सिक्नै पर्छ। यी दुई घटनाबाट लोकतान्त्रिक प्रणालीअन्तर्गत यस क्षेत्रमा लामो समय कोही सत्तामा बस्न सक्दैनन् भन्ने सन्देश मात्र होइन, दक्षिण एसियाका नेताहरू आफू जनमतका आधारमा निर्वाचित भए पनि देशलाई लोकतान्त्रिक र लचिलो ढाँचामा चलाउन अक्षम देखिएको पुष्टि हुन्छ। बहुमत पाएर सत्तामा पुगेपछि उनीहरूमा लोकतान्त्रिक निरंकुशता हाबी हुन्छ भन्ने निष्कर्षमा पुग्नका लागि यी घटनाका अलावा नेपालमा देखिएका विगतका राजनीतिक उथलपुथल नै काफी छन्।

लोकतन्त्रको मुटु भनेको प्रतिपक्ष हो। प्रतिपक्षीलाई नियोजित र संस्थागतरूपमै दमन गरेर 'म नै राज्य हुँ' भन्ने शैलीमा अघि बढ्दा त्यो आत्मघाती हुनेछ। हसिनाको पतन यसका अलावा नयाँ पुस्ताको आकांक्षा दमनबाट सृजित विद्यार्थी आन्दोलन दबाउने कुचेष्टाको परिणाम पनि थियो। उनको यही अहंका कारण राजनीतिक यात्रामा पूर्णविराम लाग्यो। उनका पितालाई प्राप्त राष्ट्रपिताको सम्मानको समेत उपहास भयो।

बहुमत सधैँ कायम रहन्छ र बहुमत अल्पमतमाथि शासन जमाउने इजाजत हो भन्ने कुरा झुट साबित भएको छ। जुन देशका नागरिकले उनलाई केही समयअघि निर्वाचित गरेर सरकारको नेतृत्व गर्ने जनादेश दिएका थिए, तिनै जनताले केही समयको अन्तरालमा आन्दोलन गरी विस्थापित गराए। राजनीतिमा बहुमत वा लामो समयसम्म सत्तामा बसेको भरमा कोही पनि सुरक्षित हुँदो रहेनछ भन्ने पुष्टि उक्त घटनाले गरेको छ।

**सकारात्मक पाठ :**

उक्त घटनाबाट हाम्रो देशका राजनीतिक दल र आम नागरिकमा पनि विभिन्न आशंकाहरू उब्जेका छन्। कतिले चोरको खुट्टा काट् भन्दा आफ्नै खुट्टा लुकाएझैँ हामीकहाँ त्यस्तो हुँदैन भनेका छन्। नागरिक बचाउ आन्दोलनको नेतृत्व गरेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंले अब नेपालबाट पनि भ्रष्टहरूलाई खेद्ने दिन आइसक्यो भनेका छन्। उता बंगलादेशको घटनाले ओली सरकारलाई मनोवैज्ञानिक त्रास भएको भन्दै नेकपा माओवादी केन्द्रको स्थायी समिति बैठकमा सो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओलीले नेतृत्व गरेको सरकार 'सुशासनविरोधी, भ्रष्टाचारलाई प्रश्रय दिएको' आरोप लगाएका छन्। उक्त घटनालाई लिएर नेपाल सरकारको भने आधिकारिक धारणा आजपर्यन्त आइसकेको छैन। अल्पसंख्यक हिन्दुमाथि बंगलादेशी आन्दोलनकारीहरूले अतिक्रमण, हिंसा र जबर्जस्ती गर्दा पनि नेपाल सरकारको आधिकारिक धारणा नआएकोमा राप्रपालगायतका राजनीतिक दलहरूले आपत्ति जनाएका छन्।

हामीकहाँ एक महिनाअघि मात्र माओवादी-एमाले गठबन्धनको सरकारलाई छाडेर नेकपा एमालेले कांग्रेससँग गठबन्धन गरी आफ्नै नेतृत्वमा सरकार बनाएको थियो। राजनीतिक स्थिरता र संविधान संशोधन यो गठबन्धनको उद्देश्य रहेको प्रधानमन्त्री केपी शर्मा ओलीले बताउँदै आएका छन्। तर उता प्रतिपक्षीहरू भने नक्कली भुटानी शरणार्थी काण्डमा नेपाली कांग्रेसका शीर्षस्थ व्यक्तिहरू र गिरीबन्धु टी स्टेट प्रकरणमा एमालेका नेताहरू संलग्न भएको अनि सोबाट बच्न गठबन्धन फेरेको आरोप लगाउँदै आएका छन्। यसअघि नक्कली भुटानी प्रकरणमा नेपाली कांग्रेका नेता बालकृष्ण खाँडसहित एमालेका नेता टोपबहादुर रायमाझी पक्राउ परी जेलमा थिए। हाल उक्त काण्डमा खाँड धरौटीमा छुटे पनि एमाले नेता रायमाझी भने जेलजीवन बिताउँदै छन्। यसअघि एमाले अध्यक्ष केपी शर्मा ओलीले गिरीबन्धु टी स्टेट नेपाली कांग्रेसले कमिसन खाई बिक्री वितरण गरेको भनी आफ्नै संसदीय दलको बैठकमा भनेको भए तापनि सोको पुष्टि नहुँदै आफू उक्त दलको समर्थनमा प्रधानमन्त्री भएपछि भने सो मुद्दा उठाउन छाडेका छन्।

प्रतिनिधिसभामा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले प्रधानमन्त्रीजीले भनेको टी स्टेट बेच्ने कुन कांग्रेस हो, त्यो बताइदिनुपर्‍यो र उसलाई कारबाही गनुपर्‍यो भन्दै नेपाली कांग्रेसको समर्थनमा उहाँलाई प्रधानमन्त्री बनाउँदैमा यी मुद्दाहरू नटुंगिएको बताएका छन्। अर्का महासचिव गगन थापाले टी स्टेट, भुटानी शरणार्थीलगायतका मुद्दाहरू एकएक गरी टुंगोमा पुर्‍याइनुपर्छ भन्दै प्रधानमनत्रीले 'म पनि भ्रष्टाचार गर्दिन, अरुलाई पनि गर्न दिन्न' भनेर हिँड्ने होइन, काम गरेर देखाउने हो भनेर प्रतिनिधिसभाको गत मंगलबारको बैठकमा बोलेका छन्। नेपाली कांग्रेसको चालू केन्द्रीय समिति बैठकमा नेकाका नेता मीन विश्वकर्माले महासचिवहरूले गठबन्धनमा असर पर्ने गरी नक्कली भुटानी प्रकरण र गिरी बन्धुको बारेमा बोल्न नहुने बताएका छन्। विश्वकर्माले यसरी बोल्दा गठबन्धनमा दरार पैदा हुने र प्रधानमन्त्री ओलीले शंकाको दृष्टिले हेर्न सक्ने कुरा बताएका छन्।

यो परिस्थितिले गर्दा सरकार साँच्चिकै सुशासन कायम गर्ने कुरामा प्रतिबद्ध छ भन्न सकिने आधार देखिँदैन। उता नेकपा माओवादीका नेता एवं पूर्वसभामुखसमेत रहेका कृष्णबहादुर महरा सुन तस्करीको आरोपमा तारेख खेपिरहेका छन्। केही समय कारावास पुगेका उनी स्वास्थ्यका कारण तारेखमा रिहा भएका छन्। यसअघि ललितानिवास जग्गा प्रकरणमा नेकपा एमालेका नेता एवं उपप्रधानमन्त्री विष्णु पौडेलका छोरासमेत दर्जनौँ दोषी देखिएका थिए। पछि उनीहरूले आफूले किनेको जग्गा फिर्ता गरेर चोखिएको घटना सेलाइसकेको छैन।

**सत्ता गठबन्धन भागवण्डामा सीमित:**

सरकार कैयौँपटक बन्दै-ढल्दै, गठबन्धन जोड्दै-तोड्दै गरेको पाइन्छ। कारण जेसुकै भनिएको होस्, हरेकपटकको गठबन्धन परिवर्तनको निहित उद्देश्य सत्तामा जानु नै रहेको छ। स्थायित्वका लागि भनिएको पछिल्लो गठबन्धनका प्रधानमन्त्री ओलीले आफूले दुई वर्ष मात्र प्रधानमन्त्री खाने र त्यसपछि नेपाली कांग्रेसका सभापतिलाई उक्त पद हस्तान्तरण गर्ने सहमति भएकोले सत्ता छाड्दैन कि भनेर कसैले शंका नगर्न आग्रह गर्दै दुई वर्ष पुग्नुभन्दा एक हप्ताअगावै आफूले प्रधानमन्त्री छाड्ने बताएका छन्। उनको यो भनाइले स्थिर सरकाका लागि गठबन्धन फेरिएको भन्ने कुरा झुटमा परिणत भएको छ। दुई वर्षमा नै सरकार फेर्ने हो भने स्थिरता कसरी भयो ?

सत्ता स्वार्थ, शृङ्खलाबद्ध भ्रष्टाचार, सुशासनको खडेरीजस्ता कारणबाट नेपाली जनता आजित भएका छन्। घरानिया उद्योगीहरूबाट बिजुलीको बक्यौता असुल नगरी पुनः लाइन जोडिदिने सरकारको पछिल्लो निर्णयले पनि सम्भ्रान्त वर्गकै परिपोषकतर्फ सरकारको ध्यान गएको पुष्टि गर्दछ। यसको विरोधमा गत शनिबारदेखि माइतीघर मण्डलामा आन्दोलन शुरु भइसकेको छ। यसले गर्दा पनि आम नागरिकमा थप निराशा जन्मेको छ। यी र यस्तै-यस्तै अन्य विभिन्न कारणले आम नागरिक राज्यप्रति भरोसा गर्न सकिरहेका छैनन्। जतासुकै बिचौलिया र माफियातन्त्रकै हाबी छ। निराशाको बादल मडारिएकै छ। यी असन्तुष्टि र अभाव पोख्नका लागि कसैले कुनै आन्दोलनको आह्वान गरेको खण्डमा मानवसागर नओइरेला भन्न सकिँदैन। भित्रभित्रै सल्केको भुसको आगो एकदिन दन्कन पनि बेर लाग्नेछैन। किनभने २०३६ सालको जनमत संग्रह पनि पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई त्यहाँको सरकारले फाँसी दिएकै कारण भएको थियो भन्ने कुरा पनि हेक्का राख्न जरुरी छ। यसर्थ राजनीतिक नेतृत्वले विगतबाट सिकेर सुध्रने हो, बिग्रने वा सकिने छुट उनीहरूलाई छैन। किनकि नेतृत्वको विकल्प सुध्रिएको नेतृत्वबाहेक अन्य हुनै सक्दैन।

> विभिन्न कारणले आम नागरिक राज्यप्रति भरोसा गर्न सकिरहेका छैनन्। जतासुकै बिचौलिया र माफियातन्त्रकै हाबी छ। निराशाको बादल मडारिएकै छ। यी असन्तुष्टि र अभाव पोख्नका लागि कसैले कुनै आन्दोलनको आह्वान गरेको खण्डमा मानवसागर नओइरेला भन्न सकिँदैन। भित्रभित्रै सल्केको भुसको आगो एकदिन दन्कन पनि बेर लाग्नेछैन।

# डेंगु र हैजा नियन्त्रणमा सरकारको उदासीनता

**पुस्तिका केसी**

डेंगु र हैजा नियन्त्रणमा सरकारी उदासीनता कि चुनौती भन्ने प्रश्न यति बेला सबैतिर उठेको छ। तराईदेखि पहाड हुँदै हिमालसम्म आज डेंगु र हैजा संक्रमितका बिरामी बढ्दै गएका छन्। तर, सरकारी तवरबाट नियन्त्रणका लागि अहिलेसम्म कुनै ठोस कदम चाल्न सकेको देखिँदैन। सरकार रोग नियन्त्रण गर्नेभन्दा पनि जनशक्ति अभाव देखाएर पन्छिने दाउमा लागेको सरोकारवालाहरूको भनाइ छ। सरकारको सिंहदरबारको नीति र निर्देशनले बिरामीको रोग निको हुँदैन र संक्रमण पनि रोकिँदैन। संक्रमण नियन्त्रण गर्न सरकासँग पर्याप्त जनशक्ति नभएको होला। तर विकल्प खुला गरेर नागरिकको ज्यान बचाउने सरकारको प्रमुख दायित्व हो। सरकार जनशक्ति अभाव भएको दाबी गरिरहँदा सरकारी स्वामित्वमा रहेका अस्पतालका चिकित्सक भने निजी क्लिनिक धाउन व्यस्त देखिन्छन्। सरकारी तलब भत्ताले मात्र खर्च धान्न नसकिने भएकाले अन्यत्र कमाइ गर्न'पर्ने आफूहरूको बाध्यता रहेको स्वास्थ्यकर्मीहरू तर्क छ। सरकारी अस्पतालमा उपचार गर्न आएका बिरामीलाई स्वास्थ्यकर्मीले राम्रोसँग स्वास्थ्य परीक्षण नगरिदिने र समय नदिनेजस्ता कारण सरकारी अस्पतालको विश्वास घट्दै गएको छ।

नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक अधिकार स्थापित गरेको छ। तर पनि रोग लागेको बेला उनीहरूले सहज र सरल तरिकाबाट उपचार पाउन सकेका छैनन्। सरकारी अस्पतालमा राम्रो उपचार पाउन चिनजान र पहुँचमा भर पर्ने बिरामीको बाध्यता बढ्दै गएको देखिन्छ। ज्यान बचाउनकै लागि निजी अस्पतालमा उपचार गराउँदा धेरै परिवारले खर्चको बन्दोबस्त गर्न सक्दैनन्। संविधानले अधिकार सुरक्षित गरेको भए पनि कार्यान्वयन पक्ष निकै फितलो हुँदा नागरिकले यस्तो सास्ती बेहोर्न'पर्ने बाध्यता छ।

अहिले देशभर स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीको जनशक्ति ३१ हजार ६ सय ५० जनाको हाराहारीमा रहेका छन्। सरकारको तथ्यांकअनुसार यो जनशक्ति न्यून हो। निजी संस्था स्वास्थ्य संस्थामा कति स्वास्थ्यकर्मी छन् त्यसको सरकारसँग कुनै यकिन तथ्यांक देखिँदैन। गाउँघरमा सञ्चालित धेरै स्वास्थ्य संस्था विनाअनुमति सञ्चालन भएका छन्। फितलो सरकारी संयन्त्रको कारण त्यसको तथ्यांक नहुँदा त्यसताका क्लिनिकले सेवाग्राहीसँग मनपरि शुल्क लिनेदेखि स्वास्थ्यमा समेत खेलबाड गरिरहेको कुनै नौलो होइन। तर यसको पीडामा स्थानीय सर्वसाधारण नागरिक परेका छन्। देश संघीयतामा गएपछि स्वास्थ्य संस्थाको नियमन गर्ने अधिकार स्थानीय सरकार र प्रदेश सरकारसँग छ। तर नियमनकारी निकायले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्दा स्वास्थ्य सेवाको गुणस्तर थप दिनदिनै खच्किँदै गएको छ।

नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा दिन भन्दै पछिल्लो समय तीनवटै तहका सरकारले करारमा स्वास्थ्यकर्मी थप गरिनै रहेका छन्। तर कुन तहले कति स्वास्थ्यकर्मी करारमा थप गरे, त्यसको स्वास्थ्य मन्त्रालयसँग कुनै तथ्यांक छैन। स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय बनाएर नागरिकमा भरपर्दो सेवा प्रवाह गर्न भन्दै सरकारले हरेक वर्ष आफ्नो नीति तथा कार्यक्रममा ठूलै बजेट विनियोजन गर्ने गरेको छ। तर स्वास्थ्य र शिक्षा क्षेत्रमा छुट्याएका बजेटको प्रतिफलमा खासै सुधार र गुणस्तरीयता देखिँदैन। स्वास्थ्य मन्त्रालयका अधिकारीहरूका अनुसार गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउन देशभरि करिव ९२ हजार स्वास्थ्यकर्मी आवश्यक रहेको दाबी गरिँदै आएको छ। सरकारसँग अहिले करिब ३१ हजार स्वास्थ्यकर्मी छन्। स्वास्थ्य मन्त्रालयले माग धान्न करिब ६२ हजार स्वास्थ्यकर्मीको जनशक्ति आवश्यक रहेको देखाउँछ। अर्थिक अवस्थाको कारण त्यो सबै माग पूरा गर्न सरकारलाई ठूलो आर्थिक भार पर्ने अर्थ विज्ञहरूले बताएको भनाइ छ। स्वास्थ्य मन्त्रालयका अनुसार जनसंख्याको आधारमा सबै क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्न तत्कालै ३० देखि ३५ हजार स्वास्थ्यकर्मी आवश्यकता रहेको भनाइ छ। यतिको जनशक्ति परिपूर्ति गर्नेमा सरकारको खासै तयारी देखिँदैन।

अहिलेसम्म नेपाल मेडिकल काउन्सिलमा ३२ हजारभन्दा बढी चिकित्सक दर्ता भएका छन्। नेपाल नर्सिङ काउन्सिलमा हालसम्म ७८ हजार बढी नर्स दर्ता भइसकेको सरकारी तथ्यांक छ। तर ती जनशक्ति काहाँ छन् र के गरिरहेका छन् भन्ने सरकारसँग खासै जानकारी छैन। सरकारी स्वास्थ्य संस्थाबाहेक कति नागरिकले निजी अस्पतालबाट स्वास्थ्य सेवा लिएका छन् भन्ने पनि सरकारसँग एकिन जानकारी हुँदैन। २०७४ पछि धेरै कर्मचारी समायोजन भएर प्रदेश र स्थानीय तहमा आए। समायोजनका बेला स्वास्थ्यकर्मीहरूले पनि सुगम र घरपायकको कार्यालय नै रोजेका थिए। त्यसरी समायोजन भएर आएका स्वास्थ्यकर्मीहरू कहाँ र कसरी के काम गरेर बसेका छन् भन्ने सरकारलाई सबै जानकारी छैन। सरकार त्यसको खोजीमा पनि लागेन। सुगम मानिएका जिल्लाको एउटा स्वास्थ्य केन्द्रमा अहिले एक दर्जनको हाराहारीमा स्वास्थ्यकर्मी कार्यरत छन्। समायोजनपछि ग्रामीण क्षेत्रमा आएका स्वास्थ्यकर्मीहरू दिनभरि कार्यालय बस्नुको साटो झोलाभरि औषधि बोकेर गाउँ घुम्ने र कार्यालयमा फेसबुकजस्ता सामाजिक सञ्जाल चलाएर बस्ने गरेका छन्। स्वास्थ्यकर्मीहरू उपचार गर्न आउने बिरामीको स्वास्थ्य परीक्षण गर्नसमेत हानथाप गरिहेका हुन्छन्।

कोरोना कहरका बेला पनि तिनै स्वास्थ्यकर्मीहरू बिरामीको परीक्षण गर्न'को साटो झ्यालढोका बन्द गरेर कार्यालयमा बस्ने गरेको स्थानीयको गुनासो थियो। अहिले डेंगु र हैजाको संक्रमण बढ्दै जाँदा पनि उनीहरूको अवस्थामा परिवर्तन नभएको सेवाग्राहीको गुनासो छ। सर्लाहीको लालबन्दीमा रहेको नगर अस्पतालले भने डेंगु, हैजा र भाइरल फिवरका बिरामी बढेपछि सेवा विस्तार गर्दै बिहानैदेखि बहिरंग सेवा सञ्चालन गरेको छ। ग्रामीण क्षेत्रका अधिकांश स्वास्थ्य संस्था बिहान १० देखि दिउँसो ३ बजेसम्म मात्र सञ्चालन हुँदै आएका छन्। संक्रमणका बेला धेरै पालिकाहरूले नागरिकालाई जति सक्दो स्वास्थ्य सेवा दिन कुनै ठोस कदम अघि सारेको देखिँदैन। पालिकाहरूले लामखुट्टे मार्न विषादीको प्रयोग गर्ने र नागरिकलाई स्वस्थ खानेपानी आपूर्ति गर्नसमेत चासो देखाएका छैनन्। पालिकाले कम्तीमा शुद्ध खानेपानीको सहज आपूर्ति र लामखुट्टे मार्ने अभियान सञ्चालन गरे मात्र पनि धेरै संक्रामक रोग नियन्त्रण हुने स्थानीयको चाहना छ।

पहाडी क्षेत्रमा वर्षाको बाढीले खानेपानीका मुहान दूषित भएका छन् भने तराईका जिल्लामा बाढीको कारण भूमिगत पानी दूषित भएको छ। धेरै रोगको संक्रमण खानेपानीबाटै लाग्ने स्वास्थ्यका विज्ञ बताउँछन्। गर्मीसँगै फैलिएको संक्रामक रोगका कारण यति बेला गाउँघरका क्लिनिकदेखि शहरका ठूला अस्पतालसमेत बिरामीले भरिभराउ भएका छन्। अझ दुर्गम क्षेत्रका बिरामीले उपचारभन्दा पनि बढी सास्ती खेप्नुपरेको छ। सडक सुविधा नपुगेका जिल्लाका बिरामी हिँडेर वा डोकोमा बोकिएर अस्पतालसम्म आइपुग्नुपर्ने बाध्यता छ। अस्पताल आइपुगेपछि पनि उनीहरूले आशा गरेअनुसारको उपचार सरकारी अस्पतालबाट नपाउने गुनासो छ। आर्थिक अवस्था कमजोर भएका बिरामी महँगो खर्च गरेर निजी अस्पतालमा जान नसक्दा ज्यानसमेत जाने गरेको छ। सरकारी अस्पतालबाट सहज उपचारको आशा गर्न नसकिने अवस्था सिर्जना भएकोमा नागरिक चिन्तित हुँदै गएका छन्।

> संक्रामक रोगका कारण यति बेला गाउँघरका क्लिनिकदेखि शहरका ठूला अस्पतालसमेत बिरामीले भरिभराउ भएका छन्। अझ दुर्गम क्षेत्रका बिरामीले उपचार भन्दा पनि बढी सास्ती खेप्नुपरेको छ। सडक सुविधा नपुगेका जिल्लाका बिरामी हिँडेर वा डोकोमा बोकिएर अस्पतालसम्म आइपुग्नुपर्ने बाध्यता छ। अस्पताल आइपुगे पछि पनि उनीहरूले आशा गरेअनुसारको उपचार सरकारी अस्पतालबाट नपाउने गुनासो छ।

# यज्ञोपवीत (जनै) र ब्रह्माण्डको सम्बन्ध

यो विषय धेरै गहिरो छ। त्यसैले नयाँ जनै धारण गर्दा भनिने मन्त्रबाट कुरा उठान गर्नु सान्दर्भिक होला।

***ॐ यज्ञोपवीतं परमं पवित्रं, प्रजापतेर्यत्सहजं पुरस्तात्।***
***आयुष्यमग्रं प्रतिमुञ्च शुभ्रं, यज्ञोपवीतं बलमस्तु तेजः।।***

अर्थात् 'यज्ञोपवीत परम पवित्र हो, जुन प्रजापतिसँगै पहिले नै उत्पन्न भएको हो। आयु बढाउने, शुभ मोक्षदायक यस्तो यज्ञोपवीतबाट बल र तेज मिलोस्।'

माथि उल्लिखित मन्त्रबाट प्रजापतिले पनि जनै धारण गरेको ज्ञात हुन्छ। जबकि प्रजापति भनेका सृष्टिकर्ता ब्रह्मा हुन्। ब्रह्मा मानिसजस्तो स्वरुपकै होइनन् भने कसरी जनै धारण गरे ? अब यहाँ बुझ्नुपर्ने कुरा के छ भने, 'यत् पिण्डे तत् ब्रह्माण्डे अर्थात् पिण्डमा जे छ ब्रह्माण्डमा पनि त्यही छ।' यहाँ पिण्डरुपी मानवशरीरलाई ब्रह्माण्डसँग तुलना गर्दा कुरा बुझ्न सजिलो हुन्छ। ब्रह्माण्डमा प्रजापतिले संवत्सर (वर्ष) धारण गरेका छन्। त्यसैले उनलाई संवत्सर प्रजापति भन्ने गरिएको हो। यिनै भावनात्मक संवत्सर प्रजापतिले अयन, ऋतु, महिना, तिथि, बार, ग्रह, नक्षेत्र, राशि आदि सबैलाई समेटेर एकसूत्रको रुपमा धारण गरेका छन्। उनको यज्ञोपवीत नै यही हो। त्यसैले यज्ञोपवीतले यो ब्रह्माण्डको प्रतिनिधित्व गरेको हुन्छ।

हामी रहेको पृथ्वीलाई आधार मान्दा संवत्सर प्रजापतिमा सूर्य शिर, अन्तरिक्ष हृदय र पृथ्वी कटिस्थान हो। सूर्यभन्दा तल मानौँ काँधदेखि अन्तरिक्ष (हृदय) हुँदै पृथ्वी (कटिस्थान) सम्म ग्रह, नक्षेत्र, राशि आदि सूत्रबद्ध गरी यज्ञोपवीतका रुपमा ब्रह्माले धारण गरेजस्तै हामीले यी सबैको प्रतीकको सूत्र (धागो) को यज्ञोपवीत अर्थात् जनै धारण गर्ने गरेका हौँ। त्यसैले यज्ञोपवीतलाई ब्रह्मसूत्र पनि भनिन्छ।

खोतल्दै जाने हो भने यस्ता कुरा कति भेटिन्छन् कति ! सूर्य दक्षिणायण (कर्कट रेखाभन्दा तल) हुँदा जनै दाहिने काँधमा र सूर्य उत्तरायण (मकर रेखाभन्दा माथि) हुँदा जनै देब्रे काँधमा अनि सूर्य भूमध्य रेखाको क्षेत्रमा हुँदा जनै कण्ठी (गलामा) गर्नुपर्ने हो। तर नेपाल-भूमिकै कुरा गर्दा यो नियम श्राद्धका समयमा मात्र लागू गर्ने गरेको देखिन्छ।

यसरी प्राकृतिकरुपमा हुने समय परिवर्तन अनुसार हाम्रो शरीरमा पनि यज्ञोपवीतको स्थान परिवर्तन गर्नुपर्ने नियम कति वैज्ञानिक होला ? सोचनीय छ। हुन त स्वीट्जरल्यान्डका नागरिक रुडोल्फ होगरले नेपालमा समेत आएर अध्ययन गरी 'द सेक्रेड थ्रेड' नामको यज्ञोपवीतसम्बन्धी पुस्तक नै लेखेका छन्, जुन पुस्तक सन् २०१४ मा प्रकाशित भएको थियो। उनले आफ्नो पुस्तकमा जनैको धार्मिक महत्वका साथै यसले मानिसमा पार्ने मनोवैज्ञानिक प्रभावका सकारात्मक पक्ष दर्शाएका छन्। तर नेपालमा यसबारे अनुसन्धान र बहस हुन सकेको देखिँदैन।

**(धर्म-विज्ञान पुस्तकबाट उद्धृत सानो अंश)**

# 'शासक प्रशासक र व्यापारिक वर्ग सुध्रिए मात्रै देश बन्छ'

**काठमाडौं, (नेस)**

शासन सञ्चालन गर्ने शासक प्रशासक र व्यापारिक क्षेत्र सुध्रिए मात्रै देश सुध्रने सरोकारवालाले बताएका छन्। उनीहरूले यी तिनै पक्ष देश र जनताका लागि सुध्रनुको विकल्प नभएको बताए।

तराई विकास तथा सञ्चार केन्द्र काठमाडौंले आयोजना गरेको सुशासनको क्षेत्रमा देखिएका चुनौती विषयक छलफल कार्यक्रममा बोल्ने सरोकारवालाले भाबी पुस्ताका लागि भए पनि सबै मिलेर शासक प्रशासकलाई सुधार्नुपर्ने बताएका हुन्। केन्द्रका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका सचिव गोविन्द चौलागाईंको अध्यक्षतामा आयोजना गरिएको कार्यक्रममा वर्तमान अवस्थामा शासकसँग नागरिक खुसी नभएकाले पहिलो नम्बरमा शासक नै सुध्रनुपर्नेमा सरकोकारवालाले जोड दिए। कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले वर्तमान सरकारले भ्रष्टाचारका विषयमा ल्याउन लागेको हदम्यादसम्बन्धी प्रावधान उपयुक्त नभएको बताउनुभयो। सभापति खतिवडाले सुशासनका लागि जनताका पक्षमा कानुनहरू निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

खतिवडाले कार्यकारी प्रमुख, संस्थाका प्रमुख, विभागीय प्रमुख, मन्त्रालयका प्रमुखहरू जो हुनुहुन्छ आफ्नो ठाउँबाट कानुनसम्मत रूपमा जनतालाई दुःख नदिने गरी सही निर्णय गर्ने हो भने सुशासन टाढा नभएको स्पष्ट पार्नुभयो।

कार्यक्रममा बोल्दै महालेखापरीक्षक तोयम रायाले सुशासन कायम गर्न सरकारी निकायमा हुने बेरुजु दर घट्दै जानुपर्ने आवश्यकता औंल्याउनुभो। उहाँले बेरुजु वर्षेनी बढ्दै जानु भनेको मुलुक झनै कुशासनमा धकेलिनु भएको बताउनुभयो। कार्यक्रममा बोल्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले जनताले सुशासन खोज्ने ठाउँ अख्तियार भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'आएका उजुरीमाथि हामी छानबिन गर्छौं। त्यसमा अनुसन्धान र कारबाही गर्छौं।' राजस्व अनुसन्धान विभागका सूचना अधिकारी नवराज अधिकारीले आउने पिँढीलाई टिकाइराख्न सुशासनको आवश्यकता औंल्याउनुभयो। कार्यक्रममा बोल्दै नेपाल समाचारपत्रका सम्पादक सागर पण्डितले देशमा सुशासन कोमामा पुग्न लागिसकेकाले यसलाई मृत्यु हुनबाट जोगाउन शासक प्रशासक नै संवेदनशील बन्नुपर्ने र सच्चिनुपर्ने बताउनुभयो।

# राष्ट्रपतिद्वारा सञ्चारमाध्यमको समावेशीकरणमा जोड



**काठमाडौं, (नेस)**

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश भएकाले सबै जातजाति, भाषाभाषी र संस्कृतिको उत्थान र विकास हुनुपर्ने खाँचो औंल्याउनुभएको छ।

नेवाः पत्रकार राष्ट्रिय दबूका पदाधिकारी एवं पत्रकारहरुसँग राष्ट्रपति भवन शीतल निवासमा आइतबार भएको भेटमा राष्ट्रपति पौडेलले सो खाँचो औंल्याउनुभयो। सो अवसरमा राष्ट्रपति पौडेलले विविध भाषाभाषी, संस्कृति र समुदायको विकास र अधिकारको उपभोगले राष्ट्रिय एकता बलियो हुने धारणा पनि राख्नुभयो।

उहाँले नेपालभाषालगायतका विभिन्न मातृभाषामा पत्रपत्रिकाको प्रकाशन र विकासले सम्बन्धित भाषा, साहित्य, संस्कृतिको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति पौडेलले पत्रकारिताको समावेशीकरण, नेपालमा मातृभाषाको पत्रकारिताको विकासका लागि आफ्नो पूर्ण सहयोग र समर्थन रहने पनि बताउनुभयो।

सो अवसरमा उहाँ सबै भाषाका मूर्धन्य साहित्यकार हरुको सालिक एक ठाउँमा राख्ने भानु उद्यान बनाउने तयारी भइरहेको पनि जानकारी दिनुभयो। सो अवसरमा नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले राष्ट्रपति पौडेलसमक्ष ध्यानाकर्षण पत्र बुझाउनुभयो।

यसअघि राष्ट्रपति पौडेलसमक्ष पत्रकार राष्ट्रिय दबूका वरिष्ठ उपाध्यक्ष सुनील महर्जनले सञ्चारमाध्यमको समावेशीकरण र मातृभाषाको पत्रकारिताको विकासका लागि संविधानको संरक्षकको हैसियतले राष्ट्रपतिको तर्फबाट सरकारलाई सुझाव र ध्यानाकर्षण गराउनुपर्ने बताउनुभयो। राज्यको चरित्र समावेशी बनाउन सञ्चारमाध्यम पनि समावेशी हुनुपर्ने पनि वरिष्ठ उपाध्यक्ष महर्जनको भनाइ रहेको छ।

नेपाल भाषाको पत्रकारिता शुरु भएको एक सय वर्ष पुगेको सन्दर्भमा नेवाः पत्रकार राष्ट्रिय दबूले विविध कार्यक्रम आयोजना गरी मातृभाषा पत्रकारिता शत्ताब्दी महोत्सवको मनाउँदै आएको छ। यस सन्दर्भमा पत्रकार राष्ट्रिय दबूका पदाधिकारीले राष्ट्रपति पौडेललाई भेटेको हो। यसैबीच पत्रकार दबूसँग भेटघाटका क्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाली सञ्चार माध्यम तथा सञ्चार सम्बद्ध संघ संस्थालाई समावेशी चरित्रको बनाउन आफूले पहल गर्ने बताउनुभएको छ।

नेपाली सञ्चार माध्यम तथा सञ्चार सम्बद्ध संघसंस्था समावेशी चरित्रको बन्न नसक्दा सबै समुदायको आवाजको प्रतिनिधित्व हुन नसकेको भन्दै उहाँले त्यसका लागि आफूले पहल गर्ने विश्वास दिलाउनुभयो।

## माधव-विप्लवप्रति...

पार्टी बैठकमा उपमहासचिव जनार्दन शर्माले उठाएको नेतृत्वको विकल्पको एजेन्डालाई पनि दाहालले अरु नेताहरुबाटै साइजमा राख्ने गरी भूमिका खेल्नुभयो। पार्टीको बैठक सकिनासाथ उहाँ अहिले पार्टी एकताका नाममा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'सँगको छलफलमा बढी केन्द्रित हुनुभएको छ।

तर, दुवै नेताहरुसँग निरन्तर छलफल भए पनि विगतका टुटफुट, विभाजन र प्रचण्डको अस्थिर राजनीतिक उतारचढावसमेतलाई गम्भीरताका साथ विश्लेषण गरेर मात्रै अघि बढ्ने नेकपा एसका नेताहरुले बताएका छन्। प्रचण्डमाथि लाग्ने गरेको अस्थिर नेताको आरोपलाई 'प्रचण्ड' आफैंले भने गतिशील र चलायमान नेताको पगरी गुथाउँदै आउनुभएको छ। शान्ति प्रक्रियापछि सानो दल भएर पनि सबैभन्दा लामो समय सत्तामा बस्ने मौका पाएको माओवादी र त्यसको नेता 'प्रचण्ड' सत्ताबाहिर पुग्नेबित्तिकै षड्यन्त्र र प्रतिगमनको सपना देखेर उच्शृङ्खल र भड्काउ ढंगका अभिव्यक्ति दिने गर्नुभएको छ।

२०७९ मंसिरमा सम्पन्न निर्वाचनमा ३२ सिटसहित संसद्को तेस्रो दल बनेको माओवादीले २०८१ असार मसान्तसम्म पहिलो र दोस्रो दलसँगै काँध फेरीफेरी सरकारको नेतृत्व गरेको थियो। यो बीचमा दुवै दललाई २-२ पटक धोका दिएर सत्ता सहकार्य परिवर्तन गर्नुभएका दाहाललाई अन्ततः पहिलो र दोस्रो दलका नेता देउवा र ओली मिलेर सत्ताबाट हटाएका छन्। सत्ता बहिर्गमनसँगै छटपटिएका 'प्रचण्ड' अहिले आफ्नो पार्टी बलियो बनाउने भन्दा पनि छरिएका सानातिना दलहरुलाई एकताबद्ध गरेर सत्ताकै बार्गेनिङमा शक्ति सञ्चय गर्ने योजनामा रहेको स्वयम् माओवादीकै कतिपय नोताहरुले बताएका छन्। यही कारण उहाँ पछिल्लो समय पार्टी एकताका नाममा हतारिनुभएको कम्युनिस्ट पार्टीको नेताहरुले टिप्पणी गर्ने गरेका छन्।

दाहालले नेकपा एसका अध्यक्ष माधव नेपाललाई एक साताअघि नै पार्टी संसदीय दलको नेता र प्रधानमन्त्री बनाउने गरी पार्टी एकता गरेर जान प्रस्ताव राखिसक्नुभएको भए पनि प्रधानमन्त्रीका लोभमा नेकपा एस हतारिएर पार्टी एकतामा नजाने नेकपा एसका महासचिव घनश्याम भुसालले बताउनुभयो। उता विप्लवले पनि विचार र कार्यक्रममा स्पस्ट खाका आएपछि मात्रै एकताको विषयलाई अघि बढाउन सकिने प्रतिक्रिया दिनुभएको छ। दुवै नेताले हतारमा पार्टी एकता गरेर फुर्सदमा पछुताउन नहुने निष्कर्ष निकालेपछि प्रचण्ड केही हच्किएको बताइएको छ।

## राजस्व...

यद्यपि आन्तरिक राजस्व विभागमा महानिर्देशकका रुपमा आउँदा उहाँमाथि चुनौतीको चाङहरु रहेको राजस्व क्षेत्रका सरोकारवालाको भनाइ छ। इमानदारिता र कर्तव्यनिष्ठताका साथ काम गर्ने हो भने उहाँले ती चुनौतीलाई सहजै समाधान गर्न सक्ने सरोकारवालाको सुझाव छ।

यसअघि आन्तरिक राजस्व विभागले विभिन्न व्यापारिक फर्मविरुद्ध नियमित कर परीक्षण, अनुसन्धान, विस्तृत अनुसन्धान, झुट्टा बिलको अनुसन्धान गर्दा गत वर्षसम्मको ३३ अर्ब राजस्व छली भएको निष्कर्ष निकाल्दै सोही बराबरको कर निर्धारण गरेको थियो। सो कर निर्धारण गत वर्ष १९८६ व्यापारिक फर्ममाथि गरिएको ११ अर्बको कर निर्धारणसहितको हो।

मुलुकको बजेटको मुख्य आम्दानीको स्रोत नै राजस्व हो। राजस्व उठाउने प्रमुख दायित्वमा रहेको आन्तरिक राजस्व विभाग र मातहतका निकायले इमानदारितापूर्वक काम गर्ने र राजस्व छली गर्नेहरुको पहिचान गर्न सक्ने हो भने हाल उठेको भन्दा कैयौं बढी राजस्व उठ्ने विज्ञहरुको भनाइ छ। राजस्व क्षेत्रमा कार्यरत जानकारहरुका अनुसार नेपालमा वार्षिक झन्डै ६ खर्ब बराबरको राजस्व छली हुने गरेको छ। नयाँ आउनुभएका महानिर्देशक आचार्यलाई अनियन्त्रित रुपमा हुने गरेको राजस्व छली रोक्नुपर्ने मुख्य चुनौतीसमेत छ।

विभिन्न फर्म तथा कम्पनीहरुले पूरै नक्कली बिल किनेर व्यवसायमा समावेश गर्नुका साथै नक्कली बिल बनाएर कारोबार गर्ने, नक्कली बिल किनबेच गर्ने र नक्कली बिल प्रयोग गरी कर फिर्तासमेत लिएर बदमासी हुने गरेको छ। यसै गरी कारोबार नै नगर्ने तर बिल मात्रै बेच्ने, खरिदबिक्रीसम्बन्धी मूल्य मिलाएर, मूल्य अभिवृद्धि कर (भ्याट) बिल, प्यान बिल नक्कली बनाएर राजस्व छली हुने गरेको बताइएको छ। राजस्व चुहावट हुने क्रम नरोकिँदा सरकारले लक्ष्य गरेअनुसार राजस्व संकलन हुन सकिरहेको छैन।

विभागका अनुसार विभिन्न अदालत तथा विभाग मातहतको प्रशासकीय पुनरावलोकमा टुंगिन बाँकी रहेका साढे २ खर्ब बराबरको कर निर्धारणलाई पनि टुंगोमा पुर्‍याउनुपर्ने दायित्व महानिर्देशक आचार्यको काँधमा आएको छ। यी विषय लामो समयदेखि अदालत तथा प्रशासकीय पुनरावलोकमा अड्कँदै आएका छन्। विभाग मातहतको प्रशासकीय पुनरावलोकनलाई छिटो टुंगाउन महानिर्देशकको महत्वपूर्ण भूमिका रहन्छ।

विभागका अनुसार हालसम्म २ खर्ब बराबरको बक्यौता असुल गर्न बाँकी रहेको छ। सो बक्यौता असुल गर्नुपर्ने चुनौतीसमेत नयाँ महानिर्देशक आचार्यको जिम्मेवारीमा आएको छ। विभागका अनुसार विभाग र मातहतका निकायमा गरी झन्डै १ खर्ब बराबरको बेरुजु टुंग्याउनुपर्ने तथा असुलउपर गर्नुपर्ने दायित्वसमेत आचार्यमाथि आएको छ।

कर छली गर्न पल्किएका पक्षलाई निरुत्साहित गर्न विशेष योजना र कार्यक्रम ल्याउनुपर्ने चुनौती आचार्यमाथि छ। यस्ता कर छली र नक्कली बिलबिजक प्रकरणमा न्यून मूल्यांकन अर्थात् अन्डर इनभ्वाइसिङ गरेर ल्याउने, चोरी, पैठारी, तस्करीबाट आएका सामानहरु औपचारिक क्षेत्रमा, सार्वजनिक क्षेत्रमा र निर्माण व्यवसायमा सप्लाई गर्नेलगायतका उच्च मुनाफा भएका वस्तु तथा सेवाको कारोबार गर्नेहरुकै बढी संलग्नता देखिने गरेको विभागका अधिकृतहरुको भनाइ छ। विभागले नक्कली बिजक प्रयोग गरी कारोबार गरेका फर्महरुमाथि वर्षौंपछि पनि छानबिन गरी कर असुली गराउन सक्ने भएकाले पुराना फाइल र बदमासीहरु समेत खोजी गर्नुपर्ने चुनौती नयाँ महानिर्देशक आचार्यमाथि छ।

## भन्सार...

यसै गरी आन्तरिक राजस्व विभागकी उपमहानिर्देशक पार्वती शर्मालाई मध्यमस्तरीय करदाता कार्यालयको प्रमुख कर प्रशासकको जिम्मेवारी दिइएको छ। शर्मा इमानदार र सुधारक प्रशासकका रुपमा परिचित हुनुहुन्छ। यसै गरी अर्थ मन्त्रालयले निकै संवेदनशील मानिएको वीरगन्ज भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासकमा दीपक लामिछानेलाई पठाएको छ।

यसैगरी कविता रेग्मीलाई आन्तरिक राजस्व विभागको उपमहानिर्देशक, गोपीकृष्ण कोइरालालाई आन्तरिक राजस्व विभागको उपमहानिर्देशकमा, यमुना प्रधान र जनकराज शर्मालाई भन्सार विभागको उपमहानिर्देशकमा सरुवा गरिएको छ भने डिल्लीराम पन्थीलाई महालेखा नियन्त्रक कार्यालयको सहमहालेखा नियन्त्रकको जिम्मेवारी दिइएको छ।

अर्थ मन्त्रालयले मन्त्रालयको महाशाखा प्रमुखको समेत जिम्मेवारी हेरफेर गरेको छ। जसअनुसार उत्तरकुमार खत्रीलाई अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखामा, श्रम मन्त्रालयबाट अर्थ आएका मदन दाहाललाई प्रशासन महाशाखा प्रमुख, थानप्रसाद पंगेनीलाई अर्थ मन्त्रालय वित्तीय संघीयता समन्वय महाशाखा, महेश भट्टराईलाई अर्थ मन्त्रालय योजनाअनुगमन तथा मूल्यांकन महाशाखा र अमृत लम्साललाई अर्थ मन्त्रालयमा नै व्यवस्थापन गरिएको छ।

## राजमार्ग...

तर, त्यो पर्याप्त नभएको उहाँ बताउनुहुन्छ। त्यो रकम पनि किस्ता किस्तामा गरेर दिँदा घर खर्च चलाउनमै सकिएको उहाँ बताउनुहुन्छ। शुरूमा उनीहरूलाई संघ सरकारले तीन लाख प्रदेशबाट तीन र बराहताल गाउँपालिकाले एक लाख गरी कुल सात लाख रुपियाँ राहत रकम उपलब्ध गराउने भनिएको थियो। तर, संघ तीन लाख र बराहतालले दिने भनिएको एक लाख गरी कुल चार लाख राहत रकम आफूहरूले अझैसम्म पनि नपाएको उहाँले बताउनुभयो।

यसपालिको दशैं तिहारपछि जिल्ला वन कार्यालयले आफूहरूलाई उठाउँदै छ भन्ने खबर पाएका रूपलालको परिवार छोराहरूसँगै भारत हानिने तयारीमा छ। 'दशैंपछि उठाउँछ भन्ने सुनिन्छ,' रूपलाल भन्छन्, 'उठाइदिए पनि ठिकै छ, आजसम्म इन्डियाकै मजदुरीबाट पालिएका छौं। सरकारले विकल्प नदिए छोराहरूसँगै भारत तिरै जानुबाहेक अरू उपाय पनि त छैन।' राज्यले आफूहरूलाई जनतासरह व्यवहार नगरेको उहाँले बताउनुभयो। जहाँ भए पनि आफूहरूले राज्यबाट सुरिक्षत बासको अपेक्षा गरेको उहाँले सुनाउनुभयो।

बाढीमा परेर सिस्नेरीमा नौ, पाग्मामा दुई, दुबिचौरमा ६ र थापाडेरामा १० जनाले ज्यान गुमाएका थिए। सिस्नेरीबाट ३२ घर पूर्ण विस्थापित भएका थिए। वास्तविक विस्थापितहरूको पहिचान गरी उचित व्यवस्थापनसहित सुरक्षित आवासको खोजीमा गिताको परिवार छ।

उल्लिखित पात्रहरू २०७१ सालमा आएको बाढीका कारण घरबारविहीन बन्न बाध्य नागरिकहरू हुन्। साविक हरिहरपुर गाविसका वडा नम्बर १, २, ३, ४, ५ र ६ स्थित भेरी नदी किनारका बस्तीहरूमा बाढी पसेको थियो। उक्त बाढीबाट कैयनले परिवारका सदस्य र आफन्त गुमाए। गिरीघाटमा बसोबास गर्दै आएका बाढीपीडितलाई बराहताल गाउँपालिकाले अन्यत्र स्थानान्तरण गर्न नसकिने निष्कर्ष निकालेको छ। वास्तविक बाढी पीडितको अवस्था अध्ययन गर्न पालिकाले सर्वदलीय छानबिन समिति बनाएको थियो।

उक्त छानबिन समितिले बाढी पीडितलाई राखेर छलफल गरेपश्चात् उनीहरूलाई कुनै पनि ठाउँमा लगेर राख्न नसकिने निचोड निकालिएको बताउँछन् बराहताल गाउँपालिका वडानम्बर २ का वडाध्यक्ष भीमबहादुर सावद। क्षतिपूर्तिवापत राज्यबाट राहत रकम प्राप्त गरिसकेको तथा उनीहरूको अन्यत्र पनि जग्गा रहेको देखिएपछि पुनः जग्गा फडानी गरेर राख्न नसकिने निस्कर्षमा पालिका पुगेको उहाँले बताउनुभयो। पालिकाले केही रकम दिएर सम्मानजनक तरिकाले उठाउने गरी भएको सहमतिअनुसार चालू आर्थिक वर्षमा गिरीघाटका बाढी पीडितलाई राहत उपलब्ध गराउन एक करोड बजेट व्यवस्थापन गरेको सावदले बताउनुभयो।

**अनलाइन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१।०५।०३**

IMAGEKHABAR.COM नामक अनलाइन पत्रिका ईमेज च्यानल प्रा.लि.को नामबाट प्रकाशित/प्रसारित हुदैं आएकोमा कम्पनीको नाम परिवर्तन गरी बागमती मिडिया प्रा.लि.को नामबाट प्रकाशित/प्रसारित हुने जानकारी गराउंदछौ ।

**प्रकाशक:**

**imagekhabar.com**

**प्रोफेशनल बचत तथा ऋण सहकारी संस्था लि.**

**प्रयागमार्ग, मिनभवन, काठमाण्डौ-३१, फोन नं. ४६२०४३३/४६२०४८८**

Email-professionalsavingandcredit@gmail.com

**सोह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८१।०५।०२ गते बसेको संचालक समितिको १९२ औं बैठकको निर्णयानुसार यहि मिति २०८१।०६।०४ गते शुक्रबारको दिन यस संस्थाको १६ औ वार्षिक साधारण सभा बस्ने भएको हुँदा निम्न मिति स्थान र समयमा सम्पुर्ण शेयर सदस्य ज्यूहरुलाई उपस्थितीको लागि हार्दिक आमन्त्रण गर्दछौ ।

**कार्यक्रम विवरण :-**

**मिति:-** २०८१।०६।०४ गते शुक्रबार

**स्थान :- बेम्बो थकाली होटल, शान्तिनगर**

**समय:- अपरान्ह ठिक १ बजे**

**छलफलका विषयहरु: -**

- संचालक समितिको तर्फबाट अक्ष्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत र सो माथि छलफल तथा पारित गर्ने ।
- संस्थाको आ.व. ०८०।०८१ को व्यवस्थापनको तर्फबाट प्र.का.अ. ज्यूको आर्थिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने ।
- आ.व. ०८०।०८१ को लेखा परिक्षण प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने ।
- आ.व. ०८०।०८१ लेखा समितिको प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने ।
- संस्थाको २ को लेखापरीक्षणको नियूक्ति र निजको पारिक्षमिक निर्धारण सम्बन्धमा ।
- सभाको निर्णयमा हस्ताक्षर गर्न शेयर सदस्यहरुबाट र संचालकहरुबाट मनोनयन गर्ने ।
- आ.व. ०८१।०८२ को वार्षिक बजेट पारित सम्वन्धमा ।
- लाभांस पारित सम्वन्धमा ।
- विविध ।

**साधारण सभा सम्वन्धि थप जानकारी**

१. साधारण सभामा उपस्थिती सदश्यहरुको लागि हाँजिरी पुस्तिका साधारण सभा स्थानमा अपरान्ह १२ बजे बाट नै खुल्ला रहनेछ ।
२. वार्षिक प्रतिवेदन तथा अन्य जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।
३. यातायात खर्च वापतको रकम सोहि समयमा उपलब्ध गराईनेछ ।

**संचालक समितिको आज्ञाले**
**प्रमुख कार्यकारी अधिकृत**

**Position Background**

Dhulikhel Hospital seeks a clinical psychologist to help patients who are dealing with stress, trauma, anxiety, depression, grief, addiction, and other emotional and mental health issues that affect their well-being and quality of life.

Responsibilities and Deliverables
- Conduct initial assessments of patients' needs and develop individualized treatment plans
- Provide counselling sessions using various evidence-based modalities, such as cognitive-behavioral therapy, interpersonal therapy, or solution-focused therapy
- Neuropsychological assessment for general cognitive functioning, learning disorders and ADHD in adults and children
- Conduct programs on educating patients and their families on coping skills, stress management, and self-care strategies
- Collaborate with other health care professionals, such as physicians, nurses and psychiatrists, to ensure coordinated and holistic care
- Maintain accurate and confidential records of patient information and interventions
- Conducting scientific studies of behavior patterns and cognitive function in all age group
- Researching psychological, emotional, behavioral or organizational patterns and identifying issues
- Diagnosing potential disorders and discussing methods of treatment with patients
- Engagement in Academic activities and Research related with Psychology
- Researching and writing papers on clinical psychology issues and disorders

Educational Qualification
- Master's degree or higher in clinical psychology.

Experience
- Experience working as a psychologist counsellor in a hospital or clinical setting
- Experience in addressing psychological concerns of healthcare workers and medical students
- Experience working with children, adolescents and adults with a range of mental health disorders including anxiety, depression, PTSD, ADHD, panic disorder, adjustment disorder as well as stress management and grief.
- Experience of conducting systematic review, research publications.

Skills/Knowledge
- Knowledge of various psychological theories and interventions (CBT,ACT,PBT) and their application to all age groups.
- Proficient in SPSS, Microsoft office
- Excellent communication, listening, and rapport-building skills
- Compassion, empathy, and respect for patients and their confidentiality
- Ability to work as part of a multidisciplinary team

Expected Duration of Contract: Fixed Term 12 months

Interested candidates are requested to submit their application to Dhulikhel Hospital by August 23, 2024 with following documents.
- Cover letter addressed to the Administrative Director.
- Updated resume with 2 reference.
- Copy of
  - Academic certificates
- Any experience letters and other supporting documents for this position

Selection Process: Only candidates under serious consideration will be notified.

Administrative Director

# साफ यू २० मा नेपालको जितबाट शुरूआत

**नेपाल समाचारपत्र, काठमाडौं**

साफ यू-२० च्याम्पियनसिप २०२४ मा घरेलु टिम नेपालले जितबाट शुरुआत गरेको छ। नेपालले सातदोबाटोस्थित एन्फा मैदानमा श्रीलंकालाई १-० ले हराउँदै प्रतियोगितामा सुखद शुरुआत गरेको हो। नेपालका लागि निर्णायक गोल निराजन धामीले गरेका थिए। उनले २४ औं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए। उनले विपक्षी डिफेन्डरले बल क्लियर गर्न नसक्दा गोल गर्न सफल भए।

नेपालले पटक पटक गोल गर्ने मौका पाएको थियो। तर, फिनिसिङ राम्रो हुन नसक्दा गोलसंख्या बढाउन सकेन। २१ औं मिनेटमा कुशल देउवाको प्रहार पोस्टमा लागेर फर्किएको थियो। ६३ औं मिनेटमा समिर तामाङले गोल गर्ने सुवर्ण अवसर खेर फाले। ८० औं मिनेटमा नेपालले गोल गर्ने अर्को अवसर सदुपयोग गर्न सकेन। अनिल बम्जनको प्रहार श्रीलंकाका गोलरक्षक अहमद फुलेलले खुट्टाले बचाएका थिए।

इन्ज्युरी समयको पहिलो मिनेटमा निराजनको प्रहारमा पोस्ट बाधक बन्यो। नेपालले समूहमा ३ अंक जोडेको छ। ६ राष्ट्र सम्मिलित प्रतियोगितामा नेपाल समूह ए मा छ। समूह ए मा नेपाल सहित बंगलादेश र श्रीलंका रहेका छन्। समुह बी मा भारत, माल्दिभ्स र भुटान रहेका छन्।



तस्वीरः अनिल आङदेम्बे

# लेभरकुसेनले जित्यो सिजनको पहिलो उपाधि

**लन्डन, (एजेन्सी)**




जर्मनीको क्लब बायर लेभरकुसेनले नयाँ सिजन २०२४-२५ को पहिलो उपाधि जितेको छ।

शनिबार राति भएको जर्मन सुपर कपको फाइनल खेलमा लेभरकुसेनले भीएफबी स्टटगार्टमाथि पेनाल्टी सुटआउटमा ४-३ गोलअन्तरको जित निकाल्दै यस सिजनको पहिलो प्रतियोगिताबाटै उपाधि चुम्न सफल भएको हो। स्पेनिस प्रशिक्षक जाभी अलोन्सोको नेतृत्वमा लेभरकुसेनले जितेको यो तेस्रो उपाधि हो। गत सिजन लेभरकुसेनले बुन्डेसलिगा र जर्मन कपको उपाधि जितेको थियो। यस सिजन पहिलो खेलबाटै सुपर कप जितेपछि लेभरकुसेनले उत्कृष्ट सुरुआत गर्न सफल भएको छ।

निर्धारित ९० मिनेटको खेल २-२ गोलमा सकिएपछि खेल विजेताको निर्णय पेनाल्टीमार्फत गरिएको थियो। लेभरकुसेनका लागि भिक्टोर बोनिफेसले ११औं मिनेटमा गोल गरे भने स्टटगार्टका लागि १५औं मिनेटमा इन्जो मिलियोटले गोल गरेर खेल बराबरी बनाएका थिए। ६३औं मिनेटमा डेनिज युनडाभले गोल गरेर लेभरकुसेनलाई पछि पारेका थिए। तर, १० खेलाडीमा सीमित भएको अवस्थामा पनि ८८औं मिनेटमा प्याट्रिक सिचले गोल गरेपछि लेभरकुसेन खेलमा फर्कियो। पेनाल्टी सुटआउटमा स्टटगार्टलाई लेभरकुसेनले ४-३ ले स्तब्ध पार्दै उपाधि चुम्न सफल भयो। यो खेलमा लेभरकुसेन ३७औं मिनेटमै १० खेलाडीमा डाउन भएको थियो। लेभरकुसेनका मार्टिन टेरियरले सोझै रेड कार्ड ब्यहोरेका थिए।

# बार्सिलोनाको सुखद् सुरूआत

**लन्डन, (एजेन्सी)**

रोबर्ट लेवानडोस्कीले दुई गोल गरेपछि स्पेनिस क्लब बार्सिलोनाले नयाँ सिजन २०२४-२५ को सुखद् सुरुआत गरेको छ।

आइतबार राति भएको ला लिगाको सिजनको पहिलो खेलमा बार्सिलोनाले अवे मैदानमा भ्यालेन्सियामाथि २-१ गोलअन्तरको पुनरागमन जित निकालेको हो। गत सिजन उपाधिबिहीन बनेको बार्सिलोनाले प्रि-सिजनको अन्तिम खेलमा आफ्नै घरेलु मैदानमा फ्रान्सको मोनाकोसँग ३-० को खराब हार बेहोरेको थियो। तर, सिजनको पहिलो औपचारिक खेलमा बार्सिलोनाले निराश हुनु परेन। बार्सिलोनाको जितमा पोलिस स्ट्राइकर रोबर्ट लेवानडोस्कीले निर्णायक प्रदर्शन गर्दै सिजनको पहिलो खेलमै दुई गोल गर्न सफल भए।

आफ्नो घरेलु मैदानमा भ्यालेन्सियाका लागि ४४औं मिनेटमा ह्युगो डुरोले गोल गरेर बार्सिलोनालाई झट्का दिएका थिए। तर, पहिलो हाफमै बार्सिलोना खेलमा फर्कियो। इन्जुरी समयको पाँचौं मिनेटमा लेवानडोस्कीले छोटो क्रस पासमा गोल गरेर खेल बराबरी ल्याएका थिए। उनको गोलमा लामिन यामलले असिस्ट गरेका थिए। त्यसपछि दोस्रो हाफ सुरु भएको ४ मिनेटमै बार्सिलोनाले पेनाल्टी पायो। पेनाल्टी बक्सभित्र राफिन्हामाथि खराब फउल भएपछि रेफ्रीले बार्सिलोनालाई पेनाल्टी दिएका थिए, जसमा लेवानडोस्कीले गोल गरे। त्यही गोलको अग्रता बचाएर बार्सिलोनाले २-१ जित निकाल्दै सिजनको पहिलो तीन अंक जोडे।



# ओलम्पिक्स हाजिरी जवाफ सम्पन्न

**नेपाल समाचारपत्र, काठमाडौं**

एन्.के.सिंह मेमोरियल इङ्गिलस प्रिपरेटरी मावि मिनभवनद्वारा आयोजित पाँचौं अन्तरविद्यालय स्तरीय ओलम्पिक्स हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ।

उपत्यकाका २३ स्कूलको सहभागिता रहेको प्रतियोगितामा सेन्ट जिभियर्स स्कुल जाउलाखेलका आश्रयाश सिंह, जारा जोशी र ऋग्वेदमान सिंहको समूह पहिलो भयो। यस्तै, आदर्श विद्या मन्दिर स्कुल ललितपुरका अर्पण चपाई, निराजन दाहाल र अयुव अर्यालको समूह दोस्रो स्थानमा रह्यो।

ह्वाइटफिल्ड स्कुलका सूर्याम्शु घिमिरे, निश्चल शाही र विशाल लामिछानेको समूह तेस्रो हुँदा आइडल मोडल स्कुलका सिमोनी श्रेष्ठ, आशना श्रेष्ठ र ओजेश मिश्रको समूहले सान्त्वना पुरस्कार प्राप्त गर्‍यो।

# ट्राइसिरिजमा सन्जिल पहिलो

**नेपाल समाचारपत्र, काठमाडौं**




तेस्रो ट्राइसिरिज पुष्पराज शाक्य मेमोरियल टेबलटेनिस प्रतियोगितामा मेन्स ओपनतर्फ सन्जिल शाक्य पहिलो भएका छन्। युवा क्लब ह:ख:का उनले फाइनलमा इखाछेँ स्पोर्ट्स क्लबका राजेन्द्र वज्राचार्यलाई हराएर उपाधि जितेका हुन्। इखाछेँ र खोल्चा पुखु स्पोर्ट्स क्लबका क्रमश: अशोक महर्जन र नदीमरत्न शाक्य तेस्रो स्थानमा रहे। मेन्स डबलसतर्फ भने अशोक महर्जन र सुशील बज्राचार्यको जोडीले उपाधि जित्यो। उनीहरुले ईखाछेँकै राजेन्द्र वज्राचार्य र मनिष खरेलको जोडीलाई हराएका थिए। यू १६ ब्वाइजतर्फ युवा क्लबका सक्षम शाक्यले इखाछेँका सोयम महर्जनलाई हराएर उपाधि जितेका थिए। प्रतियोगिता खोल्चा पुखु स्पोर्ट्सद्वारा आयोजना गरिएको थियो।

# केदारेश्वरलाई गोल्ड

**काठमाडौ, (नेस)**



केदारेश्वरमान स्थापितले ११ औं विश्व स्ट्रेन्थ लिफ्टिङ तथा इन्क्लाइन बेन्च प्रेस च्याम्पियनसिपमा गोल्ड जितेका छन्। काजाकिस्तानको ओस्केमेनमा जुलाइ १५ देखि १९ तारिखसम्म भएको उक्त प्रतियोगिताको इन्क्लाइन बेन्च प्रेसको मास्टर्स २ क्याटगोरीको ५० वर्षमाथि पुरुष ७२ देखि ७६ केजी तौलसमूहमा गोल्ड जितेका हुन्।

उनले कुल १ सय ९५ केजी भार वहन गरे। केदारेश्वरकाअनुसार उनको स्पर्धामा विभिन्न ९ राष्ट्रका त्यत्तिनै खेलाडी सहभागी थिए। किर्गिजिस्तानका खेलाडी दोश्रो तथा चीनका खेलाडी तेश्रो भए।

राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले उनलाई सफलताका लागि आइतबार बधाइ दिए। उनले २०२२ को नवौं तथा २०२३ को १० औं गरी दुवै संस्करणमा रजत जितेका थिए।


## कर्जा सूचना केन्द्र लि.को कालोसूचिमा राखिने वारे कृषि विकास वैंक लि. को ३५ दिने सूचना

**(सूचना प्रकाशन मितिः २०८१/०५/०३)**

यस बैंक बाट तपशिल बमोजिमका ब्यक्ति/फर्म/कम्पनिहरुले/निम्न उद्देश्यका लागी विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नवुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्वन्धमा सम्वन्धित कार्यालयले वारम्वार मौखिक तथा लिखित तथा कर्जा बुझाउने वारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावा, ब्याज लगायतका रकम समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंक बाट जारी कालोसूचि समवन्धि निर्देशन र कृषि विकास बैंक लि. को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी/ब्यक्ति/फर्म/कम्पनि र सो को प्रोपराइटर/साझेदार/संचालकहरु समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारवाही अगाडी बढाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयः कृषि बिकास बैंक लि. शाखा सिलगढी, डोटी।**

| क्र.सं. | ऋणीको नाम | रजिष्टर्ड ठेगाना | दर्ता नं.,पान न. र मिति | दर्ता भएको कार्यालय | लगानीमा रहिरहेको रकम | बाँकी व्याज |
|---|---|---|---|---|---|---|
| १. | वि. एस. कन्ट्रक्सन | दि.सि.न.पा. ६ डोटी | २७३।०४९, ३००१३०६८३ २०६५।०७०३ | घरेलु तथा साना उद्योग कार्यालय राजपुर, डोटी | १६९५८५७८।- | ५५१४५४७- |

**प्रोपाइटरको विवरण**

| नामथर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| अशोक कुमार श्रेष्ठ | दि.सि.न.पा. ६ डोटी | २५९४।९६९, २०४४।१०।२२ | डोटी | जय राज श्रेष्ठ | लक्ष्मी नारायण श्रेष्ठ |

| क्र.सं. | ऋणीको नाम | रजिष्टर्ड ठेगाना | दर्ता नं.,पान न. र मिति | लगानीमा रहिरहेको रकम | बाँकी व्याज |
|---|---|---|---|---|---|
| २. | वि.एस.भैरब शक्ति जे.भी. | दि.सि.न.पा. ६ डोटी | ६०५५९१०२४/०७३/९/२०० | ३८९८०००/- | ८१०१६०/( |

**प्रोपाइटरको विवरण**

| नामथर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| अशोक कुमार श्रेष्ठ | दि.सि.न.पा. ६ डोटी | २५९४।९६९, २०४४।१०।२२ | डोटी | जय राज श्रेष्ठ | लक्ष्मीनारायण श्रेष्ठ |
| शिव बहादुर खडका (जे.वि.पार्टनर) | आदर्श गा.पा.१ बाझ | ६८१०३४।११०१, २०६५।१०१७ | डोटी | पदम बहादुर खडका | पर्मल सिं खडका |

| क्र.सं. | ऋणीको नाम | रजिष्टर्ड ठेगाना | दर्ता नं.,पान न. र मिति | दर्ता भएको कार्यालय | लगानीमा रहिरहेको रकम | बाँकी व्याज |
|---|---|---|---|---|---|---|
| ३. | पोखरेली होटल | दि.सि.न.पा.६ डोटी | ९८९/०७१/०७२, ३०२३७१४७१, २०७१/०६/२४ | घरेलु तथा साना उद्योग राजपुर, डोटी | ४९५०००/- | ५१०००/- |

**प्रोपाइटरको विवरण**

| नामथर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| पुर्णमाया श्रेष्ठ | दि.सि.न.पा. ६ डोटी | २६४०।९२९, २०४४।१०।२० | डोटी | धर्म नारायण नगरकोटी | सुरतमान श्रेष्ठ |

**व्यक्तिगत कर्जा ग्राही**

| क्र.सं. | ऋणीको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.नं./मिति/ जिल्ला | बाबु/बाजेको नाम | लगानीमा रहिरहेको रकम | बाँकी व्याज |
|---|---|---|---|---|---|---|
| ४. | शंकर ढोली | आदर्श ३ महादेवस्थान डोटी | ६८१०३८।५१८।८०९, २०६५।१०।०९, जि.प्र.का.डोटी | बाबु- मनुवा ढोली बाजे- पनुवा ढोली | ५००००/- | ८१०००/- |

| क्र.सं. | ऋणीको नाम | रजिष्टर्ड ठेगाना | ना.प्र.नं./मिति/ जिल्ला | बाबु/बाजेको नाम | लगानीमा रहिरहेको रकम | बाँकी व्याज |
|---|---|---|---|---|---|---|
| ५. | बिरभान भाट | शिखर न.पा. १० थाप्सा, डोटी | २४८४/३४, २०४०।१२।२७, जि.प्र.का. डोटी | बाबु - बहादुरे भाट बाजे- नरभान भाट | २५००००/- | ८७८९००/- |

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Triveni Byapar Co. Pvt. Ltd.** कम्पनीले **INDIA/CHINA** बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (**MRP**) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| S.N. | Product | Type | Brand | Model | Capacity | Origin | Unit | Unit Price | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | REFRIGERATOR | 230 LTRS | YASUDA | YHDC230DS | N/A | CHINA | PCS | 42,484 | 42,484 |
| 2. | CHEST FREEZER | 300 LTRS | SANSUI | SS-CFC300T | N/A | CHINA | PCS | 53,318 | 53,318 |
| 3. | CHEST FREEZER | 300 LTRS | SANSUI | SS-CFC300DT | N/A | CHINA | PCS | 60,588 | 60,588 |
| 4. | REFRIGERATOR | 200 LTRS | SANSUI | SPC200RL | N/A | CHINA | PCS | 30,719 | 30,719 |
| 5. | REFRIGERATOR | 200 LTRS | SANSUI | SPC200BF | N/A | CHINA | PCS | 30,719 | 30,719 |
| 6. | Single Door Fridge | 170 LTRS | SANSUI | SPC170BR | N/A | CHINA | PCS | 26,013 | 26,013 |
| 7. | Single Door Fridge | 170 LTRS | SANSUI | SPC170SG | N/A | CHINA | PCS | 26,013 | 26,013 |
| 8. | REFRIGERATOR | 192 LTRS | SAMSUNG | RR20T282ZU8/IM | N/A | INDIA | PCS | 41,990 | 41,990 |

**विक्रेता फर्मको नाम :** *Triveni Byapar Co. Pvt. Ltd.*
**ठेगाना :** *Putalisadak, Kathmandu*
**प्यान नं. : 300058143**
**फोन नं. 01–4242317**

# डलर र सुनको भाउ बढ्दा अर्थतन्त्रमा प्रभाव

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाली बजारमा अमेरिकी डलर र सुनको भाउ वृद्धि भई ऐतिहासिक बिन्दुमा पुगेको छ। अमेरिकी डलर र सुनको भाउ वृद्धि हुँदा नेपालको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने अर्थशास्त्रीहरू बताउँछन्। दुवैले नेपालको व्यापार, वित्तीय बजार, मुद्रास्फीति र समग्र आर्थिक स्थायित्वमा प्रत्यक्षरूपमा असर गर्ने भएकाले यस्तो बेलामा सरकारको आर्थिक नीति सन्तुलित हुनुपर्ने सुझाव उनीहरूको छ।

डलर र सुनको भाउ बढ्दा नेपालको अर्थतन्त्रमा मिश्रित प्रभाव पर्छ। आयात महँगो हुँदा व्यापार घाटा, मुद्रास्फीति, र विदेशी मुद्रा सञ्चितिमा नकारात्मक असर पर्छ। तर, रेमिट्यान्स र पर्यटकको खर्चले राहत दिन सक्छ।

आयातमुखी अर्थतन्त्र भएको नेपालमा डलरको भाउ बढ्दा नेपालले आयात गर्ने वस्तु तथा सेवाहरू स्वभाविक रूपमा मूल्यवृद्धि हुन्छ। विशेषगरी पेट्रोलियम पदार्थ, औषधि, मेसिनरी सामान, खाद्यान्न र उपभोग्य वस्तुहरूको आयात गर्छ, ती वस्तुको भुक्तानी डलरमा गर्नुपर्ने भएकाले डलर महँगो हुँदा आयातित सामानको लागत बढ्ने र व्यापार घाटा थप वृद्धि हुन सक्छ। आयात महँगो हुँदा नेपालमा मुद्रास्फीति बढ्ने सम्भावना उच्च हुन्छ।

त्यस्तै नेपालमा आयात हुने महत्वपूर्ण वस्तुमध्ये सुन पनि हो, विशेष गरी विवाह र अन्य सामाजिक अवसरहरूमा सुनको भाउ बढ्दा यसको आयात खर्च पनि बढ्छ, जसले व्यापार घाटालाई अझ बढाउन भूमिका खेल्छ। नेपालमा चाडपर्व र विवाहको सिजन शुरु हुन लागेको छ। यस्तो बेला सुन र डलरको भाउ बढ्दा नेपालको अर्थतन्त्रमा प्रत्यक्ष असर गर्न थालेको छ। सुनको भाउ महँगो हुँदा सामाजिक खर्चमा वृद्धि गराउने भएकाले समग्र खर्च र मुद्रास्फीतिमा दबाब सिर्जना गर्न सक्छ।

त्यस्तै नेपालमा निर्यात कम र आयात उच्च रहेको स्थितिमा डलर र सुनको भाउ बढ्दा विदेशी मुद्रा सञ्चितिमा कमी आउन सक्छ, जसले देशको भुक्तानी सन्तुलनमा समस्या ल्याउन सक्छ। नेपालको ११/१२ खर्ब रुपियाँ वैदेशिक ऋण रहेको छ। डलरको भाउ वृद्धि हुँदा नेपालले भुक्तानी गर्ने वैदेशिक ऋणको साँवा ब्याजमा धेरै खर्च हुँदा देशको पुँजीगत खर्च प्रभावित हुन्छ। तर, डलरको भाउ बढ्दा नेपाल आउने पर्यटकको खर्च बढ्दा नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ। नेपालको पर्यटन उद्योग पुरानै लयमा फर्किँदै मासिक एक लाख जनाको हाराहारीमा विदेशी पर्यटक नेपाल भित्रिरहेको स्थिति छ।

त्यस्तै विदेशमा काम गर्ने नेपालीलाई लाभ हुन सक्छ, किनभने उनीहरूले पठाएको रेमिट्यान्सको मूल्य नेपाली रुपियाँमा बढ्छ। यसले नेपालमा उपभोग र बचतमा वृद्धि हुन सक्छ, जसले अर्थतन्त्रलाई समर्थन दिन्छ। यदि डलर महँगो भएका कारण रोजगारी सिर्जनामा प्रभाव पार्ने भएकाले विदेशमा नेपालीहरूको रोजगारीमा पनि असर पर्न सक्छ।

# वैदेशिक मुद्राको सञ्चिति २० खर्ब नाघ्यो

काठमाडौं, (नेस) । आर्थिक वर्ष २०८०/८१ मा कुल विदेशी विनिमय सञ्चिति ३२ दशमलव ६ प्रतिशतले वृद्धि भई २० खर्ब ४१ अर्ब १० करोड रुपियाँ कायम भएको छ। अमेरिकी डलरमा १५ अर्ब २७ करोड रहेको छ।

राष्ट्र बैंकले प्रकाशित गरेको तथ्यांकअनुसार २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर कुल विदेशी विनिमय सञ्चिति रहेको थियो। विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा १८ खर्ब ४८ अर्ब ५५ करोड रुपियाँ रहेको छ भने बैंक तथा राष्ट्र बैंकबाहेकका बैंक तथा वित्तीय संस्थासँग १ खर्ब ९२ अर्ब ५५ करोड रुपियाँ रहेको छ।

कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव ५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५ दशमलव ६ महिनाको वस्तु आयात र १३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ। असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ३५ दशमलव ८ प्रतिशत, १०८ दशमलव ६ प्रतिशत र २९ दशमलव ३ प्रतिशत रहेका छन्।

त्यस्तै देशको वैदेशिक सम्पत्ति २१ खर्ब ७६ अर्ब ९८ करोड तथा दायित्व १८ खर्ब ९० अर्ब ६० करोड रहेको छ। फलस्वरुप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति २ खर्ब ८६ अर्ब ३८ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति १ खर्ब ७७ अर्ब २ करोडले घाटामा रहेको थियो।

## साढे १४ खर्ब रेमिटयान्स भित्रियो

**काठमाडौं, (नेस)**

वैदेशिक रोजगारीमा जानेको संख्या घटे पनि आर्थिक वर्ष २०८०/८१ मा रेमिटयान्स भने साढे १६ प्रतिशतले बढेको छ। विभिन्न देशबाट गत वर्ष १४ खर्ब ४५ अर्ब ३२ करोड रुपियाँ भित्रिएको छ।

नेपाल राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा रेमिटयान्स साढे १४ प्रतिशतले वृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ। गत आर्थिक वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४ लाख ६० हजार १०३ र पुन: श्रम स्वीकृति लिनेको संख्या २ लाख ८१ हजार १९९ जना रहेको छन्।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमश: ४ लाख ९७ हजार ७०४ र २ लाख ७७ हजार २७२ जना रहेका थिए। समीक्षा वर्षमा खुद ट्रान्सफर १४ दशमलव ७ प्रतिशतले वृद्धि भई १५ खर्ब ७१ अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर २२ दशमलव ५ प्रतिशतले बढेको थियो।

# चालु खाता र शोधनान्तर स्थिति उल्लेख्य वृद्धि हुँदै बचतमा

**नेपाल समाचारपत्र, काठमाडौं**

घाटामा रहेको चालु खाता गत आवमा २२१ अर्ब ३४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता ४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो।

नेपाल राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा अघिल्लो वर्ष ३६ करोड ६ लाखले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा १ अर्ब ६६ करोडले बचतमा रहेको छ। सो अवधिमा पुँजीगत ट्रान्सफर २२.९ प्रतिशतले घटेर ५ अर्ब ८१ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ८ अर्ब ४० करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर ७ अर्ब ५४ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी ६ अर्ब १७ करोड रहेको थियो।

समीक्षा वर्षमा शोधनान्तर स्थिति ५ खर्ब २ अर्ब ४९ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति २८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष २ अर्ब १७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ३ अर्ब ७७ करोडले बचतमा रहेको छ।

# मुद्रास्फीति घटेर साढे ५ प्रतिशतमा सीमित

**नेपाल समाचारपत्र, काठमाडौं**

आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५ दशमलव ४४ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। अघिल्लो आर्थिक वर्षमा मुद्रास्फीति ७ दशमलव ७४ प्रतिशत रहेको थियो।

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला उप-समूहको मूल्यवृद्धि २६ दशमलव ४० प्रतिशत, दाल तथा गेडागुडीको ९ दशमलव १६ प्रतिशत, चिनी तथा चिनीजन्य वस्तुको ९ दशमलव ८७ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९ दशमलव ८५ प्रतिशत र तरकारीहरूको ८ दशमलव २९ प्रतिशत रहेको छ भने घ्यू तथा तेल उपसमूहको मूल्य सूचकांक १० दशमलव ९९ प्रतिशतले घटेको छ।

त्यस्तै गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उप-समूहको मूल्यवृद्धि ११ दशमलव ३८ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १० दशमलव ९६ प्रतिशत, शिक्षाको ७ दशमलव ७३ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणहरूको ४ दशमलव ७५ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको ४ दशमलव ५६ प्रतिशत रहेको छ भने यातायात उप-समूहको मूल्य सूचकांक शून्य दशमलव ८२ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०८०/८१ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६ दशमलव ४७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको यस्तो मुद्रास्फीति ६ दशमलव ६२ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४ दशमलव १० प्रतिशत रहेको छ। २०८० असार महिनामा उक्त समूहको यस्तो मुद्रास्फीति ७.३८ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४ दशमलव ६४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको यस्तो मुद्रास्फीति ८.६२ प्रतिशत रहेको थियो।

गत आर्थिक वर्षमा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५ दशमलव ९९ प्रतिशत, तराईको ४ दशमलव ८२ प्रतिशत, पहाडको ५ दशमलव ७८ प्रतिशत र हिमालको ६ दशमलव ८६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त क्षेत्रहरूको यस्तो मुद्रास्फीति क्रमश: ७ दशमलव ५५ प्रतिशत, ८ प्रतिशत, ७ दशमलव ५६ प्रतिशत र ७ दशमलव १२ प्रतिशत रहेको थियो।

२०८१ असार महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३ दशमलव ९२ प्रतिशत, तराईको ३ दशमलव २१ प्रतिशत, पहाडको ३ दशमलव ७७ प्रतिशत र हिमालको ३ दशमलव ७१ प्रतिशत मुद्रास्फीति रहेको छ। २०८० असार महिनामा उक्त क्षेत्रहरूको यस्तो मुद्रास्फीति क्रमश: ७ दशमलव ७० प्रतिशत, ७ दशमलव ४८ प्रतिशत, ६ दशमलव ९८ प्रतिशत र ८ दशमलव १९ प्रतिशत रहेको थियो।

# कर्पोरेट समाचार

## ग्लोबल आइएमई बैंकका सीईओद्वारा पदभार ग्रहण

**काठमाडौं, (नेस)**



ग्लोबल आइएमई बैंकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले आइतबारदेखि पदभार ग्रहण गर्नुभएको छ। पदभार ग्रहणअघि प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकको संचालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकालबाट पद तथा गोपनियताको शपथ ग्रहण गर्नुभएको थियो।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृत रेग्मीको बैंकिङ क्षेत्रमा तीन दशकभन्दा लामो अनुभव रहेको छ। राष्ट्रिय वाणिज्य बैंकबाट बैंकिङ करिअर सुरुगर्नुभएका रेग्मी २०६५ वैशाखमा नायब प्रबन्धक तहबाट ग्लोबल आइएमई बैंकमा प्रवेश गर्नुभएको थियो। उहाँसँग बैंकिङ क्षेत्रको करिब ३५ वर्षभन्दा लामो अनुभव रहेको छ। रेग्मीले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर तथा बेलायतको युनिभर्सिटि अफ वेल्सबाट एमबीए गर्नुभएको छ।

## मानुषी लघुवित्त नाफामा गयो

**काठमाडौं, (नेस)**

मानुषी लघुवित्त वित्तीय संस्थाले आर्थिक वर्ष २०८०/८१ म करिब १ करोड ९२ लाख खुद नाफा गरेको छ। अघिल्लो आवमा ४ करोड ४२ लाख खुद नोक्सानीमा रहेको संस्थाले गत आवमा खुद नाफा आर्जन गर्न सफल भएको हो। २ करोड ७२ लाखभन्दा बढी सञ्चालन नाफा गरेको संस्थाको गत आवमा इम्पेयरमेन्ट चार्जबापतको १ करोड ३८ लाखभन्दा बढी रकम फिर्ता भएसँगै संस्था नाफामा गएको हो। १० करोड ९३ लाख ७५ हजार शेयर पूँजी भएको संस्थाको जगेडा कोषमा ५ करोड ४७ लाख ७ हजार २२५ रुपियाँ रहेको छ। करिब १ करोड ४३ लाख वितरण योग्यनाफा रहेको संस्थाको प्रतिशेयर आम्दानी १७ दशमलव ५३ र प्रतिशेयर नेटवर्थ १५० दशमलव शून्य २ छ।

## नेपाल एसबीआई बैंकद्वारा आर्थिक सहयोग

**काठमाडौं, (नेस)**

नेपाल एसबिआई बैंकले खोटाङस्थित हलेसी महादेव मन्दिरमा सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत तिर्थालुहरूको सहजताका लागि आर्थिक सहयोग गरेको छ। बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले हलेसी महादेव मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष गजुरमान राईलाई रकम हस्तान्तरण गर्नुभएको थियो। बैंकले समुदाय स्तरमा संस्कृतितथा सम्पदा संरक्षणको लागि समय समयमा यस्ता गतिविधिहरू गर्दै आइरहेको छ।

हाल बैंकले सय शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२१ एटीएम र १कर्पोरेट कार्यालयमार्फत सेवा प्रदान गर्दै आएको छ।

## सिटिजन्स बैंकद्वारा पुरस्कार प्रदान

**काठमाडौं, (नेस)**

सिटिजन्स बैंक इन्टरनेसनलले ग्राहकहरूसँगको संलग्नतालाई बढाउन गत जेठ र असार महिनामा पार्टनर फर प्रोग्रेस हजुरको प्रगतिको सहयात्री नामक फेसबुक भिडियो प्रतियोगिताको आयोजना गरेको थियो। व्यक्तिगत वा व्यावसायिक रूपमा प्रगतिमा साथ दिने र जीवनमा सकारात्मक परिवर्तन ल्याउन योगदान पुर्याउने व्यक्ति वा संघ संस्थालाई सबै माझ चिनाउने र सम्मान गर्ने उद्देश्यले बैंकले सो प्रतियोगिताको आयोजना गरेको थियो।

प्रतियोगिताको समाप्ती संगै छानिएका उत्कृष्ट तीन विजेतालाई बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले एक समारोहका बीच चेक हस्तान्तरण गर्नुभएको छ। उत्कृष्ट हुनु भएकी निकिता गुरुङ, द्वितीय बबिता दुलाल बस्ताकोटी र तृतीय कृशल श्रेष्ठलाई क्रमश नगद पुरस्कार ५० हजार, ३० हजार र २० हजार रुपियाँ प्रदान गरिएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आषना १९७ वटा शाखा, १६२ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ इकाइहरूबाट करिव १८ लाख ग्राहकलाई बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

# अंशुभरा ग्रुपको लेकसाइडमा नयाँ प्रोजेक्ट

**नेपाल समाचारपत्र, कास्की**

अंशुभरा ग्रुपले पोखराको पर्यटकीयस्थल लेकसाइडमा नयाँ प्रोजेक्ट सुरु गर्ने भएको छ। पोखरा महानगरपालिका-६ बाराही चोकमा कम्पनीले 'मिक्सड युज बिल्डिङ' बनाउन लागेको हो।

कम्पनीका प्रबन्ध निर्देशक सौगात थापाले केही महिनामै प्रोजेक्ट सम्पन्न भएर सञ्चालनमा आउने जानकारी दिनुभयो। उहाँका अनुसार अंग्रेजी नयाँ वर्षको अवसरमा उक्त प्रोजेक्ट सुचारु हुनेछ। 'यो निर्माण भइरहेको प्रोजेक्ट नेपालमा फरक प्रकृतिको हो। नयाँ मोडलको व्यावसायिक भवनले पोखराको फरक पहिचान बोक्छ', प्रबन्ध निर्देशक थापाले भन्नुभयो-'यसले ग्राहकलाई फरक खालको अनुभूति दिने छ। मुलुकका विभिन्न ठाउँमा खुलेका सपिङ मलमा सपिङ गर्न तथा खाना पाइने हुन्छ तर यसमा होटल पनि रहनेछ। पर्यटकले यस भवनबाट सबैथोकको सुविधा पाउने छन्। यसमा सपिङदेखि होटल सम्मको सेवा उपलब्ध हुनेछ।'

अंशुभरा ३१ औं वर्षको यात्रामा प्रवेश गरेकाले यसलाई ३१ एभिन्यु नामकरण गरिएको जानकारी दिँदै उहाँले भवनमा २० कोठासहितको होटल, तीनवटा रेष्टुरेण्ट र एउटा बार, पाँच वटा रिटेल पसल, लुगा पसल, ह्यान्डिक्राफ्ट र क्याफे सञ्चालनमा ल्याइने बताउनुभयो। उहाँका अनुसार जग्गासहितको ६० करोडको लगानीमा उक्त भवन सञ्चालन हुन लागेको छ। अंशुभराले यसअघि पोखरामा नेपालको सबैभन्दा ठूलो 'पोखरा ट्रेड मल' सञ्चालनमा ल्याइसकेको थापाले दाबी गर्नुभयो। जहाँ ५ सय २५ वटा पसल सञ्चालनमा रहेका छन्। अंशुभराले 'अंशुभरा स्क्वायर' व्यावसायिक मल सञ्चालनमा ल्याइसकेको छ। यस अंशुभराले अटोमोबाइल, रियल स्टेट, हस्पिटालिटी र वित्तीय संस्थामा लगानी गरेको छ।

# हेटौंडाको नयाँ औद्योगिक क्षेत्रमा ६ अर्ब लगानी

**नेपाल समाचारपत्र, हेटौंडा**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले हेटौंडाको प्रस्तावित मयुरधाप औद्योगिक क्षेत्र चाँडै सञ्चालनमा आउने बताउनुभयो औद्योगिक क्षेत्रको अनुगमन गर्दै मन्त्री भण्डारीले उक्त क्षेत्र करिब ६ अर्ब लगानीमा निर्माण हुने भन्दै मध्यवर्ती क्षेत्रका कारण समस्यामा परेको परियोजना अब कानुन निर्माण भइसकेकाले डीपीआरका आधारमा सञ्चालनमा ल्याउने तयारी रहेको बताउनुभयो।

मयुरधापलाई वागमती प्रदेश राजधानीको उद्योग हबका रुपमा विकास गरिने योजना रहेको बताउनुभएका मन्त्री भण्डारीले वन मन्त्रालयसँग समन्वय गरी ईआईए प्रक्रिया टुङ्ग्याउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

मन्त्री भण्डारीले हेटौंडा सिमेन्ट उद्योग र बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगको पनि अनुगमन गर्नुभयो। उहाँले हेटौंडा सिमेन्टलाई देशको गौरव उद्योग भन्दै यसका समस्या समाधान गरी पूर्ण सञ्चालनमा ल्याइने बताउनुभयो।

' उहाँले वित्तीय क्षेत्रमा पुँजी थुप्रिएर बसे पनि लगानीका क्षेत्र पहिचान नभएको बताउनुभयो। 'ऐनहरू जकडिएर बसेका, सरकार परिवर्तनपिच्छे नीतिमा परिवर्तन हुनु, भुकम्प र कोरोना जस्ता प्रभावले उद्योग सबभन्दा बढी प्रभावित बनेको छ,' उहाँले भन्नुभयो। निजी क्षेत्रको बजेट सरकारको भन्दा बढी हुने भएकाले त्यसलाई सहीढंगले उपयुक्त स्थानमा प्रयोग गर्नुपर्ने उहाँको कथन छ। 'अबको लगानीको क्षेत्र मौद्रिक नीतिले तय गरेको छ। निजी क्षेत्रसँग सहकार्य गर्न सरकार तयार छ,' उहाँले भन्नुभयो।

हेटौडा उद्योग वाणिज्य संघले विस्तारित औद्योगिक क्षेत्र (मयुरधाप औद्योगिक क्षेत्र) शीघ्र सञ्चालन गर्नुपर्ने, हेटौंडा औद्योगिक क्षेत्रमा २०७५ सालदेखि लागु गरिएको उच्च भाडादर तिर्न उद्योगीहरूले असमर्थता व्यक्त गर्दै साबिककै दरमा भाडा बुझाइरहेको अवस्थामा बृद्धि गरिएको भाडा नबुझाएका कारण उद्योगी विभिन्न सिफारिस वा नयाँ संरचना निर्माण स्वीकृतिबाट बञ्चित हुनपरेका कारण उद्योगहरू पूर्णक्षमतामा सञ्चालन हुन नसकेकाले साबिककै भाडा दर लागु हुनपर्ने माग मन्त्रीसमक्ष गरेको छ।

**Schedule -5**
**Relating to Section 25**
**Notice for Maximum Retail Price( MRP)**

This is To Notify In General Public That Following Is The Maximum Retail Price (Mrp) Of The Home Appliances And Electronics Products Imported By Navin Exim Pvt. Ltd. from China .

| S. N. | Product | Type | Brand | Model | Capacity | Origin | Unit | Unit Price | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditiners | Split | Kelon | AS-18UR4RMSCL00 | 1.5 Ton | China | Pcs | 85200 | 85200 |

**Sellers' Name:** *Navin Exim Pvt. Ltd.*
**Address:** *Kathmandu, Nepal*

**PAN No.: 619750046**
**Phone No.: +977-1-4430785**

GENZ | नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
सोमबार, भदौ ३, २०८१ | Monday, August 19, 2024

# ब्रेकथ्रु बक्सर सनिल भन्छन्,
# खेलकुदमा राजनीति
# धेरै भयो, स्वदेश फर्कन मन छैन

■ सरस्वती कर्माचार्य

१८ वर्षको उमेरमा बक्सिङ खेल्न शुरू गरेर २१ वर्षकै उमेरमा साउथ एसियन गेम्समा स्वर्ण पदक जितेका सनिल शाही भन्छन्- 'राम्रो ट्रेनिङ पाएको भए सन् २०२० को ओलम्पिक्समै क्वालिफाई हुने थिएँ।'

राष्ट्रियस्तरका बक्सर राजु श्रेष्ठबाट बक्सिङ सिक्न शुरू गरेका सनिल राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक नजित्दै एकैपटकमा अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक ल्याएर रक स्टार बनेका थिए। राष्ट्रिय टिमका प्रकाश थापा मगरबाट तालिम लिएका उनले उज्वेकिस्तानका कोच अलिसर राखिमोभबाट प्रशिक्षण लिएपछि १३ औं साउथ एसियन गेम्समा स्वर्ण पदक जित्न सफल भएका हुन्।

मनभरि पीडा लुकाएर आँखामा ओलम्पिक जित्ने सपना बोकेका २६ वर्षीय सनिल २ वर्ष अघिदेखि क्यानाडाको क्रान्डल युनिभर्सिटीमा बीबीएको पढाइ गर्दैछन्। उनको पढाइ दुई वर्षपछि अर्थात् सन् २०२६ मा सकिँदैछ, तर अरू राम्रा नेपाली खेलाडीले स्वदेश छाडेझैं उनी पनि स्वदेश नफर्किने मुडमा छन्। यद्यपि नेपालकै नामबाट खेलकुद क्षेत्रलाई निरन्तरता दिने उनको सोच छ। ■

## अन्तर्वार्ता उनीसँग गरिएको कुराकानीको सारसंक्षेप



अन्तर्राष्ट्रिय टुर्नामेन्ट

**२०१९**
थाइल्याण्ड ओपन

**२०१९**
साउथ एसियन गेम्स, गोल्ड मेडल

**२०२०**
ओलम्पिक्स क्वालिफायर्स, अमान, जोर्डन

**२०२१**
वर्ल्ड च्याम्पियनशीप, बेलग्रेड, सर्बिया

**२०२३**
ब्राम्पटन कप, ओन्टारियो, क्यानडा

**२०२४**
ब्राम्पटन कप, सिल्भर मेडल

**२०२४**
क्युबेक कप, क्युबेक सिटी, क्यानडा, ब्रोन्ज मेडल

**पढाइ कि बक्सिङ ?**
दुवै सँगसँगै अगाडि बढाउँदैछु। अहिले म बीबीए तेस्रो सेमेस्टरमा जाँदैछु। सँगसँगै बक्सिङ पनि खेल्दैछु। युनिभर्सिटीबाटै खेल्ने भएकाले पढाइ र खेल एक साथ लैजान सजिलै भएको छ। सन् २०२८ मा ओलम्पिक खेल्ने सोच्दैछु।

**पढाइ सकिएपछि फर्केर के गर्ने विचार छ ?**
म फर्किन्नँ होला। देशको हालत खत्तम छ। नेपालमा ट्रेनिङ गरेर ओलम्पिकको सपना बुन्नु बेकार छ। नेसनल टिममा जिमको हालत देख्नुभयो भने आँखाबाट आँसु आउँछ। बरु सेलेक्सन खेल्न नेपाल आउने, तर ट्रेनिङ चाहिँ विदेशमै गर्ने हो।

**देशप्रति यस्तो निराशाको कारण ?**
नेपालमै बक्सिङ खेलेर केही गर्छु भन्नेको थुप्रैको हालत देखेको छु। २० वर्षसम्म देशका लागि बक्सिङ खेलेर आखिरमा ४० को उमेर कटेपछि हात खाली भएर बसेको पनि देखेको छु। एएफपी क्लबका खेलाडी पुरन राईकै हालत हेर्नुस्। यो साल पनि एएफपी क्लबबाट ३ जना महिला बक्सर बिनिता थापा मगर, संगीता सुनार र सञ्जु थिङ एएफपीको जागिर छाडेर विदेश गइक्सक्नुभएको छ।

**देशको माया लाग्दैन ?**
माया त लाग्छ नि! लागेर के गर्नु ? खेलकुदमा राजनीति धेरै भएका कारण हामीजस्ता खेलप्रति नै समर्पित मान्छेलाई माथि उक्लन गाह्रो छ। खेलबाट राजनीति हट्नुपर्छ। हरेक मन्त्री फेरेसँगै खेलकुद परिषद्को सदस्यसचिव फेरिन्छन्। खेलकुदको केही ज्ञान नै नभएकाले खेलकुद परिषद्को जिम्मा लिएका हुन्छन्। खेलाडीलाई विदेश खेलाउन लैजाने बहानामा संघका पदाधिकारी भ्याकेसन मनाउन जान्छन्। विदेशमा सपिङ, साइट सिइङ र ड्युटी फ्रीबाट बोटलका बोटल महँगो रक्सी ल्याउने काम हुन्छ, खेलाडीको कसलाई के मतलब छ र ? अनि यस्तो ठाउँमा फर्केर जीवन बर्बाद पार्नुछ र ?

**बक्सिङ खेलको सबैभन्दा ठूलो चुनौती ?**
नेपालमा राम्रो ट्रेनिङ नपाउनु नै हो। त्यसमाथि सरकार र खेलकुद संघले खेलाडीमाथि लगानी गर्न कन्जुस्याइँ गरेका कारण बक्सिङ खेल्न र अन्तर्राष्ट्रिय अवार्ड जित्न गाह्रो छ। बक्सिङ संघको विरोध गर्ने खेलाडी सिधैं बहिष्करणमा परिन्छ। १० वर्षअघि म्याक्स बस्नेत, ३ वर्षअघि म स्वयं र अहिले सुष्मा तामाङ। संघको 'होमा हो' मिलाएर हजुर हजुर गर्नेले मात्र चान्स पाउँछ।

**घर परिवारबाट चाहिँ कतिको सहयोग पाउनुभएको छ?**
परिवारको सहयोग शुरूमा चाहिँ थिएन। देशमा खेलकुदको भविष्य राम्रो छैन भनेर पढाइ र राम्रो जागिरमा ध्यान दिनुपर्छ भनेर जोड दिनुहुन्थ्यो। ममी युरोपमा भएकाले ममीले पठाउनुभएको पैसाले म डाइट किनेर खाने गर्थे। सन् २०१९ मा थाइल्यान्ड जाने टिममा छानिएपछि भने परिवारबाट पनि सहयोग मिल्न शुरू भयो।

**विद्यालय वा कलेजको रेस्पोन्स कस्तो रह्यो ?**
मैले १२ कक्षापछि मात्रै खेल्न शुरू गरेकाले विद्यालयको त कुनै कुरै भएन। तर, साउथ एसियन गेम्समा स्वर्ण पदक जितेपछि भने मैले पढेको गौतम हाइस्कुलबाट सम्मान प्राप्त भएको थियो।

**खेलकुदले पढाइमा कस्तो असर गर्‍यो ?**
खेल र पढाइ सँगसँगै लान गाह्रो भयो। बीएको पहिलो वर्षमा ब्याक लागेर अर्को साल फेरि परीक्षा दिएर पास गरें। त्यसपछि पढाइमा ब्रेक लाग्यो। तर, अहिले क्यानाडा आएपछि युनिभर्सिटीबाटै खेल्न पाएकाले खेल र पढाइ सँगसँगै लान केही सजिलो भएको छ।

**मनपर्ने बक्सिङ खेलाडी ?**
नेपालमा त बक्सिङमा नेसनल लेभलको मनपर्ने खेलाडी कोही छैन। त्यसैले नेपालमा चाहिँ मेरो फेभरेट म आफैं हुँ। इन्टरनेसनल लेभलमा चाहिँ २ पटक ओलम्पिक गोल्ड मेडल जितेका युक्रेनका भासिल लोमाचेन्को मनपर्छ। ■



# जनैपूर्णिमा
## हिन्दू धर्मावलम्बीको महत्वपूर्ण पर्व

■ सूर्यप्रसाद अर्याल

जनैपूर्णिमा वैदिक सनातन धर्मावलम्बीले महत्वपूर्ण पर्वका रूपमा मनाउँछन्। यो दिन जनै धारण गर्नेको विशेष पर्व हो। यस दिन श्रावणी स्नान, अरुन्धतीसहित सप्तऋषिको पूजन तथा तर्पण, जनैको प्रतिष्ठा, नयाँ जनै धारण, पितृको स्मरण, रक्षाबन्धन पूजा र धारण आदि कर्म गर्ने गरिन्छ। यस विषय विभिन्न ग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ। हिन्दू संस्कृतिमा जन्मदेखि मृत्युपर्यन्त १६ वटा संस्कारको वर्णन गरिएको छ। जसमा व्रतबन्ध संस्कारलाई निकै महत्व दिइएको छ। व्रतबन्धको अर्थ कुनै व्रत वा नियममा बाँधिनु भन्ने हुन्छ। कुनै पनि पूजापाठ, यज्ञ-यज्ञादिको अधिकारी बन्न जनै लगाएको हुनुपर्छ।

गुरुकुलमा गएर वेद-वेदाङ्गको अध्ययन गर्न पनि व्रतबन्ध संस्कार अनिवार्यरूपमा गरेको हुनुपर्दछ। हाम्रो पहिलो जन्म आमाको गर्भबाट हन्छ भने दोस्रो जन्म व्रतबन्ध संस्कारबाट हुन्छ। यसै कारण व्रतबन्ध गरेकालाई 'द्विज' भन्ने गरिएको छ। ब्राह्मण, क्षेत्री, वैश्यले अनिवार्य रूपमा व्रतबन्ध गर्नुपर्ने शास्त्रले बताएको छ। जनैको एउटा डोरोमा ९ वटा धागो हुन्छ। तीन डोरोमा एउटा ब्रह्मगाँठ लगाइन्छ। ९ वटा धागोमा ९ देवताको निवास हुन्छ। सर्वप्रथम ब्रह्माले तीन वेदको तीन सूत्र (धागो) बनाएका, विष्णुले ज्ञान, कर्म, उपासनाले यसलाई त्रिगुणा गरेका र शिवले गायत्री मन्त्रको अभिमन्त्रणले ब्रह्मगाँठ लगाएर जनै निर्माण गरेका हुन्। जनैमा सम्पूर्ण देवी-देवताको बास हुने भएकाले यसलाई नियमपूर्वक धारण गर्नुपर्दछ।

### जनैमा रहने देवताहरू
१ ॐकार २ अग्नि ३ नाग ४ चन्द्र ५ पितृ ६ प्रजापति ७ वायु ८ सूर्य ९ विश्वदेव।

### जनैपूर्णिमाका दिन के गर्ने
बिहानै उठेर पञ्चगव्य (दूध, दही, घ्यू, गहुँत, गोबर), जौ, तिल, कुश, माटो राखेर नुहाउने।
अपमार्ग (दत्युन) तथा दुबोले शरीर शुद्धी गर्ने।
नियमपूर्वक बनाइएको जनै पण्डितद्वारा अभिमन्त्रित गराउने।
मन्त्रिएको जनै लगाउने, पुरानो जनैलाई शुद्ध स्थानमा विसर्जन गर्ने।
जनै लगाएपछि गायत्री मन्त्र जप गर्ने।
पुरोहित, मान्यजन तथा आफूभन्दा ठूलाबाट अभिमन्त्रित डोरो (रक्षाबन्धन) लगाउने।
डोरो लगाइदिनेलाई यथासम्भव दक्षिणा तथा फलफूल दिने।


### जनै कस्तो हुनुपर्छ
जनैको लम्बाई (लगाउने व्यक्तिको) ९६ अंगुल हुनुपर्छ।
जनै कम्मरभन्दा तल झर्ने गरी (लामो) लगाउन हुँदैन।
नाभीभन्दा माथि आउने (छोटो) लगाउन हुँदैन।
जनै लगाएपछि ६४ कला र ३२ विद्या सिक्न अधिकार प्राप्त हुन्छ।
दिसा-पिसाब गर्दा जनैलाई दाहिने कानमा बेर्नुपर्छ।
हात सफा गरेपछि मात्र यसलाई कानबाट झार्नुपर्छ।
जनैमा देवताहरू बस्ने भएकाले सधैं सफा राख्नुपर्छ।

### जनै कानमा बेर्नाले के हुन्छ
हाम्रो शरीरमा ३ सय ६५ वटा इनर्जी प्वाइन्ट हुन्छ।
अलग-अलग बिमारीमा अलग-अलग पार्टले काम गर्छ।
कानबाट हाम्रो मष्तिस्कसम्म स-साना धेरै नशा पुगेको हुन्छ।
यस नशालाई दबाउँदा दिमाग तेजिलो हुन्छ।
दिसा-पिसाब गर्दा कानमा जनै बेर्नाले अकुप्रेसरको काम गर्छ। ■

## Book Insights:

# Redefining Success Through Emotional Intelligence

■ Daniel Goleman




*Emotional Intelligence* by Daniel Goleman is a groundbreaking exploration that redefines what it means to be successful. Originally published in 1995, the book dives deep into the idea that our emotions play a crucial role in our lives, often more so than IQ. Goleman, a well-respected psychologist and science journalist, presents a compelling case that emotional intelligence (EQ) is not just a trendy concept but a vital factor in achieving both personal fulfillment and professional success.

Despite its acclaim, the book has faced criticism. Some psychologists argue that EQ is too broad and overlaps with existing psychological concepts, while others question whether it qualifies as a distinct form of intelligence. Goleman addresses these critiques by emphasizing that EQ and IQ are complementary, not mutually exclusive.

**The Core of Emotional Intelligence**
Goleman's book is built around five key components of emotional intelligence:

- **Self-Awareness:** Understanding your own emotions and their impact on your thoughts and behavior.
- **Self-Regulation:** The ability to control or redirect disruptive emotions and impulses.
- **Motivation:** A deep-seated drive to achieve, going beyond money or status.
- **Empathy:** The ability to understand and resonate with the emotions of others.
- **Social Skills:** Proficiency in managing relationships, building networks, and finding common ground.

**Conclusion**
A Must-Read for Personal Growth
In conclusion, Emotional Intelligence by Daniel Goleman is more than just a book—it's a transformative guide that invites readers to rethink what it means to be intelligent. Goleman's accessible writing style makes complex psychological theories relatable and actionable. Whether you're interested in personal development, leadership, or simply understanding yourself and others better, this book is a must-read. It's a powerful reminder that emotions play a pivotal role in shaping our destinies, and that by nurturing our emotional intelligence, we can lead more balanced, fulfilling lives. ■

## आजको राशिफल

• ज्यो. काश्यप

**मेष**
समय बलवान् छ। पैसा लाभ, कार्यसिद्धि, उत्तम भोजनको अवसर मिल्नेछ।

**वृष**
दिन शुभ भएकाले राजनीतिज्ञबाट लाभ, प्रतिष्ठा वृद्धि, सरकारी काममा सफलता होला।

**मिथुन**
दिनभर कार्यमा बाधा भए पनि बेलुका राज्य-सुख, यश, लाभ हुने सम्भावना छ।

**कर्कट**
धनलाभ, सम्मान होला तर बेलुकाको समय अस्वस्थता, कार्य बाधा हुने देखिन्छ।

**सिंह**
दिन शुभ छ। आर्थिक लाभ, विजय, काममा सफलता, पुरस्कारको सम्भावना देखिन्छ।

**कन्या**
थोरै प्रयासमा कार्य सफल, धन प्राप्ति, प्रतिस्पर्धामा विजय, पारिवारिक सुख होला।

**तुला**
पेटको समस्या, विवाद होला तर बेलुकाको समय शुभ भएकाले कार्य सफल, सुख होला।

**वृश्चिक**
लाभ, व्यावसायिक सफलता हुने देखिन्छ तर बेलेकीपख स्वास्थ्यमा समस्या आउला।

**धनु**
शुभ समय भएकाले धनलाभ, सुख-सन्तोष, मान-सम्मान, पराक्रम-उन्नति हुने सम्भावना छ।

**मकर**
समय शुभ छ। उपहार-पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, सन्तुष्टि हुने देखिन्छ।

**कुम्भ**
रोगव्याधि, निरर्थक खर्च तर बेलुकीपख खाद्यान्न प्राप्ति, भाग्योदय हुने सम्भावना छ।

**मीन**
पैसा लाभ, उत्तम भोजनको अवसर होला तर बेलीकपख नोक्सानी, वादविवाद हुन सक्छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित